# विद्यालयको सामुदायिकीकरण : छापाका विषयको विश्लेषण

*सीता भट्टराई*

## परिचय

नेपालमा औपचारिक शिक्षाको विकास भएयता विभिन्न समयमा शिक्षा नीतिमा परिवर्तन हुँदैआएको छ । तर यस्तो परिवर्तन विवादरहित भने छैन । उदाहरणका लागि वि.सं. २०५९ मा शिक्षा ऐनको सातौँ संशोधनद्वारा ल्याइएको 'विद्यालयको व्यवस्थापन समुदायलाई हस्तान्तरण गर्ने' नीतिलाई लिन सकिन्छ ।[१] शिक्षामा स्थानीय समुदायको सहभागिता र साझेदारीलाई बढाउनका लागि सरकारद्वारा ल्याइएको यस नीतिप्रति शिक्षक संगठनहरूले सुरुआतदेखि नै विरोध जनाउँदै आएका थिए (सेरिड सन् २००९) ।[२] विरोध हुँदाहुँदै पनि समुदायलाई विद्यालय हस्तान्तरण गर्ने सरकारको नीति यथावत छ । यसैक्रममा छापाले यससँग

[१] शिक्षा ऐनको परिच्छेद-५ 'क' मा 'कुनै सामुदायिक विद्यालयको व्यवस्थापन जिम्मा लिन चाहने स्थानीय निकाय, व्यवस्थापन समिति वा संस्थाले देहायका कागजात संलग्न गरी ...निवेदन दिनुपर्नेछ' भनी उल्लेख गरिएको छ (हिमाली प्रकाशन २०६६ : ४२) ।

[२] शिक्षाको बोझ शिक्षक तथा समुदायमा थोपरेर सरकार आफ्नो आधारभूत जिम्मेवारीबाट पन्छिन खोजेको आरोप शिक्षक संगठनहरूले लगाएका थिए ।

सम्बन्धित समाचार तथा व्यक्तिका विचारलाई महत्त्व दिई विद्यालय सामुदायिकीकरण[३] सम्बन्धी बहसलाई अगाडि बढाइरहेको छ ।

वि.सं. २०४६ को जनआन्दोलनपछि पत्रकारिता पनि एउटा उद्योगका रूपमा स्थापित भयो । न्यूजरूममा विभिन्न समाचार बिटको स्थापनासँगै शिक्षाले पनि छापामा स्थान पाउन थाल्यो । यसै क्रममा शिक्षा पत्रकारितालाई व्यवस्थित गर्ने प्रयास भएको देखिन्छ । शिक्षा क्षेत्रमा हुने गरेका विभिन्न विकृति-विसंगति औँल्याई नीतिनिर्माण तथा कार्यान्वयनमा दबाब दिने सामूहिक प्रयासअनुरूप वि.सं. २०५६ मा शिक्षा पत्रकार समूह (शिपस) गठन भयो (राई २०६५क) । पछिल्लो समय रिपोर्टिङको संख्यामा वृद्धिका साथै शिक्षा नीतिको कार्यान्वयनसँग जोडिएको विषयलाई पनि छापामा समावेश गर्न थालिएको राईको दाबी छ । तर अर्कातिर सञ्चारले वास्तविकताको प्रतिनिधित्व मात्र नगरेर आफूले चाहेअनुरूपको संसार निर्माण गर्न 'यथार्थ'लाई पस्कने गर्दछ जुन 'यथार्थ' निष्पक्ष, सांयोगिक र असरविहीन नहुन पनि सक्छ (उप्रेती २०६८; ब्याकर सन् १९९४) भन्ने तर्क छ ।

यस लेखमा नेपाली छापाले विद्यालयको सामुदायिकीकरणबारे पस्केका सामग्रीको अन्तर्वस्तु तथा अन्तर्निहित औचित्यबारे विश्लेषण गरिएको छ । यसका लागि छापाले विद्यालय हस्तान्तरणबारे उठाएका अन्तर्वस्तु तथा सवाल कस्ता छन् ? ती कसरी प्रस्तुत गरिएका छन् ? विद्यालयको व्यवस्थापन हस्तान्तरणसँग ती कति सम्बन्धित छन् ? सामग्रीमा प्रयोग भएको सूचनाको स्रोत के हो ? तिनको विश्वसनीयता कति छ ? र, कुन समयमा छापा कसरी प्रस्तुत भए ? जस्ता प्रश्नलाई विश्लेषणको आधार मानिएको छ । अध्ययनका लागि वि.सं. २०५९ देखि २०६७ सम्मका *नेपाल* साप्ताहिक, *हिमाल* पाक्षिक र *कान्तिपुर* दैनिक, २०६४ देखि २०६७ सम्मका *शिक्षक* मासिक, सन् २००१ देखि २०१० सम्मको *द हिमालयन टाइम्स* दैनिक तथा २०६३ देखि २०६७ सम्मका *अन्नपूर्ण पोष्ट* दैनिकलाई लिइएको छ । विद्यालय हस्तान्तरण नीति लागू हुँदा देशमा माओवादी द्वन्द्व चलिरहेको थियो, र ग्रामीण क्षेत्रका विद्यालय त्यसबाट बढी प्रभावित थिए (पौडेल २०६८) । तसर्थ, पछिल्लो समयमा भएको राजनीतिक परिवर्तनसँगै सामुदायिक विद्यालयप्रति छापाको धारणामा पनि फरक पर्न सक्ने ठानी यो समयावधिलाई लिइएको हो । अध्येय छापाका समाचार, लेख, फिचर र सम्पादकीय अध्ययन गरिएको छ । लेख निश्चित विचारमा आधारित हुन्छ, जहाँ तर्कलाई पुष्टि गर्ने यथेष्ट प्रमाण हुन्छन् ।

---

[३] यस अध्ययनमा विद्यालयको सामुदायिकीकरण भन्नाले विद्यालयको व्यवस्थापन समुदायलाई हस्तान्तरण गरिएको भन्ने बुझिन्छ ।

समाचारले घटना विशेषबारे सूचना दिनुका साथै जनमानसमा विचार निर्माण गर्ने काम पनि गर्दछ, जुन घटनाहरूको प्रस्तुतिमा भर पर्दछ । घटनाको प्रस्तुतिमा हाबी भएको व्यक्तिको दृष्टिकोणमा त्यस्तो विचार अभिव्यक्त भएको हुन्छ । पर्याप्त तथ्य संकलन गरी खास विषयमा प्रस्तुत गरिएको विस्तृत विवरणलाई फिचर लेख भनिन्छ । ताजा खबरभन्दा पनि फिचर लेखमा सन्देशमूलक जानकारी हुन्छ । वैचारिक लेख, समाचार तथा फिचर लेखबाट त्यस विषयमा छापाको दृष्टिकोण बुझ्न सकिन्छ । यस्तै, छापाको दृष्टिकोण चाहिँ सम्पादकीयबाट बुझ्न सकिन्छ ।

मुख्य चार भागमा विभक्त यस लेखको पहिलो भागमा पूर्वप्रकाशित सामग्रीको आधारमा विद्यालयको सामुदायिकीकरणको पृष्ठभूमि दिइएको छ । दोस्रो भागमा सामुदायिक विद्यालय हस्तान्तरण नीतिप्रति छापाको दृष्टिकोणबारे चर्चा छ । तेस्रो भागमा सामुदायिक विद्यालयका मुद्दाबारे छापाका प्रस्तुतिहरूको विभिन्न उपशीर्षकमा विश्लेषण गरिएको छ । चौथोमा सामग्रीको स्रोत तथा विश्वसनीयताबारे विश्लेषण तथा अन्तिममा निष्कर्ष प्रस्तुत गरिएको छ ।

## विद्यालय सामुदायिकीकरणको पृष्ठभूमि

सामुदायिक विद्यालय विकेन्द्रीकरणको प्रक्रियामा आधारित छ । त्यसअनुसार शैक्षिक गुणस्तर सुधारका लागि स्रोतसाधनको प्रयोग, बजेट व्यवस्थापन, पाठ्यक्रम विकास, र कर्मचारी तथा शिक्षक व्यवस्थापनजस्ता पक्षमा विद्यालयलाई स्वायत्त बनाउनुपर्नेमा जोड दिइएको छ । अन्तर्राष्ट्रियस्तरमा सन् १९९० देखि आकर्षण बढिरहेको यस मोडलअनुरूप नेपालमा पनि विद्यालयको व्यवस्थापन समुदायलाई हस्तान्तरण गर्ने नीति ल्याइयो । अझ नेपालको सन्दर्भमा विशेषतः विद्यालय व्यवस्थापनमा स्थानीय समुदायको न्यून सहभागिता, सरकारी विद्यालयहरूको खस्कँदो अवस्था, यसले संस्थागत विद्यालयप्रति बढाएको आकर्षण र त्यसले उब्जाएको वर्गीय असमानताका कारण सार्वजनिक शिक्षामा सुधार गर्नुपर्ने आवश्यकतालाई महसुस गरी हस्तान्तरण नीति लागू गरियो ।

हस्तान्तरण नीतिअनुसार अभिभावकद्वारा चुनावी प्रक्रियामार्फत गठन गरिएको विद्यालय व्यवस्थापन समिति तथा समुदायको औपचारिक सहमतिमा विद्यालय हस्तान्तरण गर्न सकिन्छ । यस्तै, स्थानीय निकाय (गाउँ विकास समिति वा नगरपालिका) ले पनि आफ्नो क्षेत्रभित्रका विद्यालयको व्यवस्थापकीय जिम्मा लिन सक्छन् । सामुदायिक विद्यालयमा सरकारले दिइरहेको सेवा-सुविधा र सहयोगमा कटौती नगर्ने जस्ता प्रावधान यो नीतिमा छ (हिमाली प्रकाशन २०६६) । यस नीतिको कार्यान्वयनमा विश्व बैंकले सामुदायिक विद्यालय सहयोग कार्यक्रम

(सन् २००३–२००८) अन्तर्गत त्यस्ता विद्यालयलाई आर्थिक सहयोग गरेको थियो । विश्व बैंकका पदाधिकारीहरूको दाबीमा यो नीति नेपालको प्रशासनिक विकासमा एउटा नयाँ आयाम हो जसले सेवाग्राहीलाई केन्द्रमा राख्दछ र उनीहरूलाई उत्तरदायी बनाउँछ (सेरिड सन् २००९) । यसबाहेक स्थानीय विकास मन्त्रालयअन्तर्गत संयुक्त राष्ट्रसंघीय विकास कार्यक्रम (युएनडीपी) ले सामुदायिक स्वामित्वको प्राथमिक विद्यालय कार्यक्रम (२०५६–२०६४) मार्फत विद्यालयहरूको सामुदायिकीकरणमा सहयोग गरेको देखिन्छ (सेरिड सन् २००९) ।

समुदायलाई दिइएको अधिकार स्पष्ट नभएको तथा विद्यालय हस्तान्तरणप्रति सरकार इमानदार नभएको विभिन्न अध्ययनले देखाएका छन् (कार्नी र विष्ट सन् २००९; भट्ट सन् २००३; सेरिड सन् २००९) । विद्यालयहरूलाई समुदायले पहिलेदेखि नै सहयोग गर्दैआएको सन्दर्भमा हस्तान्तरण नीति ल्याउनुको खासै औचित्य नभएको तर्क शिक्षक संगठनहरूले गर्दैआएको विषय ती अध्ययनमा उल्लेख छ । यसले विद्यालयको सामुदायिकीकरण नीतिप्रति सरकारले सबै सरोकारवालाहरूलाई स्पष्ट पार्न नसकेको बुझिन्छ । यसका बाबजुद पनि सरकारले दशौँ पञ्चवर्षीय योजनासम्म आठ हजार विद्यालय हस्तान्तरण गर्ने लक्ष्य राखेको थियो (सेन्टर फर पोलिसी रिसर्च एन्ड कन्सल्टेन्सी सन् २००८) । हाल आएर विद्यालयको सामुदायिकीकरण सरकारको अभिन्न नीतिका रूपमा स्थापित भइसकेको छ ।

## *विद्यालय हस्तान्तरण नीतिप्रति छापाको दृष्टिकोण*

अभिभावकले सरकारसम्म आफ्ना कुरा पुऱ्याउने स्पष्ट माध्यम छैन । छापाले समुदायको विचारलाई सरकारसम्म पुऱ्याउने सन्दर्भमा प्रभावकारी भूमिका निर्वाह गर्दछ । यद्यपि ती विचारलाई निश्चित ढाँचामा ढालेर छापाले प्रस्तुत गर्दछ (ब्याकर सन् १९९४) । यस अध्ययनका लागि संकलन गरिएका सामग्रीहरूमा वैचारिक लेख आठ, समाचारमूलक र फिचर लेख ९८ र सम्पादकीय एक छन् । धेरैजसो सामग्री नीतिको पक्षमा पाइएकाले छापाहरू यो नीतिको पक्षमा उभिएको भन्न सकिन्छ ।[४] हस्तान्तरणप्रति विद्यालयलाई ध्यानाकर्षण गराउन सरोकारवालाहरूले सुरुदेखि नै छापामाध्यमलाई उपयोग गरेको प्रमोद भट्ट (सन् २००३) ले उल्लेख गरेका छन् । छापाका अभिव्यक्तिहरू राजनीतिक, सामाजिक तथा आर्थिक

---

४ यस अध्ययनका लागि संकलन गरिएका १०७ मध्ये ६२ सामग्रीले विद्यालय हस्तान्तरण नीतिबारे सकारात्मक चित्रण गरेको पाइन्छ । आठओटा बाहेक अन्यले पनि कार्यान्वयन प्रक्रियाका समस्या र तिनको सुधारका लागि सुझाव दिएकाले नीतिमा सहमत भएको बुझिन्छ ।

प्रभावबाट निर्देशित हुन्छन् । आफू निकट पार्टी मूलधारको राजनीतिमा आएपछि सम्बन्धित शिक्षक संगठनहरूले पनि २०६३ पछि स्पष्ट विरोध जनाउन छोडेको देखिन्छ । तसर्थ राजनीतिक परिस्थितिबाट छापाका प्रस्तुति निर्देशित भएको भन्न सकिन्छ ।[५]

*शिक्षकले* सामुदायिक विद्यालयको राम्रो पक्षलाई खुलेर अगाडि ल्याएर यो नीतिप्रति आफ्नो दृष्टिकोण स्पष्ट पारेको छ ।[६] *कान्तिपुर*मा 'समुदाय भरपर्दो विकल्प' शीर्षकमा अधिकारी (२०६४) ले अब शिक्षा क्षेत्रमा सरकारको आशा गर्नु दिवास्वप्न मात्र हुनेछ भन्दै व्यवस्थापनसँग गाँसिएका चुनौतीको पनि सरकारले सामना गर्न तत्पर नभए यो छल मात्र ठहरिने विचार व्यक्त गरेका छन् । यसले समुदायलाई जिम्मा दिएपछि पनि सरकारको शिक्षाप्रतिको जिम्मेवारी यथावत नै रहनुपर्छ भन्ने सन्देश दिन्छ । यद्यपि नीति लागू भएको सुरुका वर्षमा केही पत्रिकाको दृष्टिकोण स्पष्ट देखिँदैन ।[७] प्रकाशन गृहहरूमा विभिन्न समयमा शिक्षा बिट हेर्ने व्यक्तिको हेरफेरसँगै पत्रकारको वैचारिक अडान तथा विषयप्रतिको विज्ञतामा पनि फरक पर्ने हुनाले प्रकाशित केही सामग्रीमा सोहीअनुसारको परिवर्तन प्रतिविम्बित भएको देखिन्छ ।

हस्तान्तरण नीतिबारे समुदाय स्पष्ट नहुँदा व्यवस्थापनको जिम्मा लिने कि नलिने भन्नेमा समुदाय अलमलमा परेको छापाले औँल्याएका छन् । नेपाल शिक्षक संघ दोलखाका सचिव पुष्कर पोखरेल तथा नेपाल राष्ट्रिय शिक्षक संगठन दोलखाका अध्यक्षलाई उद्धृत गर्दै *अन्नपूर्ण पोष्ट* (२०६०क) तथा सुदर्शन घिमिरे (२०६४) ले लेखेअनुसार, शिक्षा नियमावली आफैँमा अस्पष्ट, अदूरदर्शी र त्रुटिपूर्ण छ । स्थानीय निकायको भूमिकाबारे नीतिगत तहमा अस्पष्टता तथा भ्रम छ । हस्तान्तरणको मर्मअनुसार समुदायलाई अधिकार दिइएको छैन । प्रधानाध्यापक (प्रअ) नियुक्ति गर्ने अधिकार पनि केही विद्यालयलाई मात्र दिइएको छ । काम नगर्ने शिक्षकलाई अवकाश दिने तथा शुल्क उठाउने अधिकार समुदायलाई

---

[५] *नेपाल* र *हिमाल*को सन्दर्भमा यो भनाइ लागू हुँदैन । *हिमाल*मा २०५९ सालमा प्रकाशित एउटै मात्र सामग्री–सम्पादकीयमा हस्तान्तरण स्वागतयोग्य भएको उल्लेख छ भने *नेपाल*मा २०६२/०६३ भन्दा पछिका सामग्री छैन ।

[६] भट्टराई (२०६४ख) को 'ओरालो लाग्यो' भन्ने शीर्षकमा विद्यालयले प्रगति गर्न नसकेको एउटा फिचर लेखबाहेक अन्यले सामुदायिक विद्यालयको पक्षपोषण गरेका छन् ।

[७] यो नीति लागू भएको एक वर्ष (२०६० असोज ६) मा *अन्नपूर्ण पोष्ट*ले 'मोरङ जिल्लामा सामुदायिक विद्यालय कार्यक्रमले अपेक्षित सफलता पाएन' भन्ने र सोही महिनाको १५ गते 'विद्यालय हस्तान्तरणप्रति उत्साह : प्रतिवेदन' भन्ने शीर्षकमा समाचार प्रकाशन गरेको छ ।

नदिएर अधिकारविनाको हस्तान्तरण नाममात्रको भएको छ । समुदायको अधिकारबारे नीतिमा परिमार्जन गर्न यसले महत्त्व राख्छ । तर, अध्येय छापामा आएका आठओटा यस्ता विचार शिक्षक संगठनबाट मात्रै आएका छन् ।[८] त्यसैले टिप्पणीहरू एक पक्षीय छन् ।

राष्ट्रिय शिक्षक संघका केन्द्रीय सचिवको 'विद्यालय हस्तान्तरण गर्ने नीतिले शिक्षा क्षेत्र अन्योलग्रस्त' भन्ने भनाइलाई *अन्नपूर्ण पोष्ट*ले शीर्षक बनाएर समाचार छापेको छ ।[९] न्यून शैक्षिक उपलब्धि हुनुमा सरकारी उदासीनता, हस्तक्षेप, पक्षपात तथा सरकारी ओहदामा बस्नेहरूले संस्थागत विद्यालयमा छोराछोरी पढाउनु, अनुगमन निरीक्षण प्रणाली प्रभावकारी नहुनु, पाठ्यपुस्तक निर्धारण र परिमार्जनमा शिक्षकहरूको भूमिका शून्य हुनु, राजनीतिक दबाब बढ्नु आदि विविध समस्याले गर्दा अन्योलग्रस्त भएको चर्चा लेखमा पाइन्छ । प्रस्तुति शीर्षकमा बाँधिएको छैन भने अन्योलताको जड र हस्तान्तरण नीतिको वस्तुगत अन्तरसम्बन्ध पहिल्याउनेतर्फ छापाको ध्यान गएको छैन । समुदायलाई हस्तान्तरण गरेका विद्यालयमा केन्द्रित नभएर सामग्रीले सरकारी विद्यालयको मुद्दालाई मिसमास गरी पस्केको छ । विद्यालय हस्तान्तरण नीति र ती समस्याबीच कहाँनेर सम्बन्ध छ ? सीमा छुट्ट्याउनुपर्दछ । तबमात्र नीति तथा कार्यान्वयनमा सुधार गर्न छापाको योगदान महत्त्वपूर्ण रहन्छ । यस्तै, शिक्षक नियुक्ति, सरुवा, बढुवा, सेवा, सुविधाजस्ता कुरा किटानका साथ कानुनमा नआएको, हस्तान्तरण भएको र नभएको विद्यालयमा खासै भिन्नता नभएको पत्रकार खगेन्द्र घिमिरेको राय छ ।[१०] विद्यार्थीको सहभागिता बढाउने, समुदायलाई विद्यालयप्रति जिम्मेवार बनाउने तथा गुणस्तरमा वृद्धि गर्ने भने पनि व्यवहारमा लागू भएको छैन भन्दै सुधार नआएको केशवप्रसाद भट्टराई (२०६४) ले *शिक्षक*मा लेखेका छन् ।

*कान्तिपुर*मा प्रकाशित लेखमा रघुनाथ लामिछानेले सार्वजनिक विद्यालयमा किसान, मजदुर तथा उत्पीडित जनजातिका बालबालिका मात्र पढ्ने हुनाले उनीहरूले विद्यालय सञ्चालनको स्रोत जुटाउन सक्दैनन् भनेका छन् । गरिब दलित अभिभावकहरू शिक्षकलाई तलब दिने हैसियत राख्दैनन् भने विनातलब सधैँ पढाइरहने हैसियत शिक्षकहरूमा पनि हुँदैन भनी लेखेका छन् (लामिछाने २०६३) । पिछडिएका बस्तीमा खोलिएका प्रायः विद्यालयमा स्थानीय स्रोतबाट

---

८ कुँवर (सन् २००२) को लेखबाहेक सबै शिक्षक संगठनको विचारमा आधारित छ ।

९ हेर्नुहोस् *अन्नपूर्ण पोष्ट*मा प्रकाशित पराजुली (२०६०) को लेख ।

१० सेन्टर फर पोलिसी रिसर्च एन्ड कन्सल्टेन्सी (सन् २००८) मा धनकुटाका पत्रकार घिमिरेको यस्तो भनाइ उल्लेख छ ।

शिक्षकहरूलाई तलब दिन समुदाय असमर्थ देखिएको र निजी स्रोतको अभावमा गुणस्तरीय शिक्षक नराख्नाले पढाइ सुचारु हुन नसकेको छापामा उल्लेख छ ।[११] यी सामग्रीबाट समुदायलाई शिक्षाप्रति जिम्मेवार बनाउने नाममा विद्यालय सञ्चालन गर्दा ऋणमा चुर्लुम्म डुबेकाले विद्यालयको बोझले त्यस्ता समुदाय झनै गरिब बन्दै जाने अनुमान गर्न सकिन्छ । तसर्थ विद्यालय सञ्चालनको जिम्मा दिँदा समुदायको हैसियत हेरी सरकारको सहयोग एकै खालको नभइकन आवश्यकताअनुसार बढी र कम हुनुपर्नेतर्फ यसले ध्यानाकर्षण गराएको छ ।

छापाले सरकार र शिक्षक संगठनबीचको आरोप-प्रत्यारोपलाई स्थान दिए पनि विद्यालय हस्तान्तरण नीतिलाई सफल पार्ने सन्दर्भमा सहयोगीको भूमिका निर्वाह गरेको देखिन्छ । शिपसले विश्व बैंकसँगको सहकार्यमा समुदायलाई विद्यालय हस्तान्तरण कार्यक्रममा राष्ट्रिय सहमति जुटाउन मिडिया एड्भोकेसी गर्दैआएको छ । यसै क्रममा 'विद्यालय सञ्चालन गर्न स्थानीय समुदायलाई जिम्मा दिनु उचित' विषयक गोष्ठी पनि आयोजना गरेको पाइन्छ (राई २०६५क) । छापा समग्र शिक्षाप्रति भन्दा पनि नीतिविशेष परिवर्तनका अभियानकर्ता हुन्छन् (ब्याकर सन् १९९४) । तसर्थ नयाँ र महत्त्वपूर्ण विषय के हुन सक्छ ? भन्नेतर्फ भन्दा पनि हस्तान्तरणप्रति आकर्षित गर्ने खालका समाचारलाई स्थान दिइएको हुन सक्छ । प्रवृत्ति नै यस्तो भएको अवस्थामा निरन्तर, निष्पक्ष र गुणात्मक समाचार सम्प्रेषणमा एउटा पत्रकारको इच्छाले ठाउँ पाउदैन ।[१२]

## छापामा सामुदायिक विद्यालयको मुद्दा

सामग्री[१३]को संख्यालाई हेर्दा विद्यालय हस्तान्तरण नीतिबारे जानकारी गराउने तथा नीतिको सामान्य मूल्यांकन गर्ने छापाको प्रयासलाई सकारात्मक रूपमा लिन सकिन्छ । तर गुणात्मक पक्षलाई केलाउँदा सामुदायिक विद्यालयको मुद्दा उठाउने

---

[११] *कान्तिपुर*मा प्रकाशित अर्याल (२०६२) को लेखअनुसार पाल्पाको कुमाल गाँउको नवदुर्गा मावि सञ्चालन गर्दा छ लाख ऋण लागेको छ । तीन वर्षदेखि शिक्षकहरूले तलब पाएका छैनन् । *कान्तिपुर*मा प्रकाशित लेख (लामिछाने २०६३) अनुसार रौतहटको दलित बस्तीको एक प्राविमा पनि शिक्षकले तलब पाएका छैनन् । जनजाति र दलित बस्तीमा रहेका विद्यालयको नतिजा झनै नराम्रो देखिएको शर्मा (२०६८) ले लेखेका छन् ।

[१२] मार्टिन चौतारीमा २०६८ मंसिर २२ मा आयोजित 'टेलिभिजन पत्रकारितामा आर्कषण र विकर्षण' शीर्षकको छलफलमा आधारित ।

[१३] सामग्रीहरू औपचारिक कार्यक्रममा आधारित छन् । स्थलगत रिपोर्टिङ न्यून छ भने वैचारिक लेखमा शिक्षाविद्हरूको राय अत्यन्त कम छ ।

उद्देश्यमा छापा गम्भीर देखिँदैन । छापाले सामुदायिक विद्यालयसम्बन्धी केही विषयलाई अधिकरूपमा उठाएका छन् । यी मुद्दामा छापाको निश्चित खालको धारणा र प्रस्तुतिमा धेरै समानता पनि छ । हस्तान्तरणप्रति आकर्षण र विकर्षण, शुल्क तथा शैक्षिक गुणस्तर, समुदाय र शिक्षकको भूमिका, अनुदान, पठनपाठन सुधारका लागि भएका प्रयास तथा राजनीतिक अवरोध जस्ता मुद्दा प्रमुख छन्, जसलाई बुँदागतरूपमा तल विश्लेषण गरिएको छ :

## *हस्तान्तरणप्रति आकर्षण र विकर्षण*

सामुदायिक विद्यालयप्रति विकर्षण पैदा गराउन माओवादी दबाबले प्रमुख भूमिका खेलेका छापाको ठहर छ । मुख्य गरी माओवादी निकट र केही मात्रामा अन्य शिक्षक संगठनहरूको हस्तक्षेपका कारण सामुदायिक विद्यालयप्रति समुदायको विकर्षण पैदा भएको छापाहरूमा उल्लेख छ ।[१४] २०६२ सालसम्म विद्यालय जिम्मा लिन समुदायको चासो नभएको छापामा उल्लेख छ । दबाबका कारण २०६२ सालसम्म विद्यालयहरूले हस्तान्तरण फिर्ताका लागि निवेदन दिएका समाचार छन् ।[१५] विद्यालयहरूले आफ्नो जनसत्तामा दर्ता नगरी सञ्चालन गरेको, विद्यालय व्यवस्थापन समितिले आर्थिक घोटाला गरेको तथा शिक्षक नियुक्तिमा राजनीतीकरण र अनियमितता भएको भन्ने माओवादीको आरोपलाई *कान्तिपुर* (२०६२) ले छापेको छ । यो कार्यक्रमबारे भएको गलत प्रचारलाई शिक्षा मन्त्रालयले दृढतापूर्वक जवाफ दिन नसकेको ओहासी (२०६२) ले *हिमाल*मा लेखेका छन् ।

हस्तान्तरण नीतिअनुसार स्थानीय निकाय (जिल्ला विकास समिति, नगरपालिका वा गाउँ विकास समिति) ले व्यवस्थापकीय जिम्मा लिन सक्छन् । *अन्नपूर्ण पोष्ट* (२०६०ख) ले त्यस्ता निकायले विद्यालय जिम्मा लिन नचाहेको उल्लेख गरेको छ । नीतिगत रूपमा नै व्यवस्थापन जिम्मा लिन नसकिने त्यस्ता निकायको भनाइ छ । किन त्यस्ता निकायले व्यवस्थापन जिम्मा लिन चाहिरहेका छैनन् भन्ने प्रश्न महत्त्वपूर्ण छ । छापाले यसबारे सरकारी पक्षको प्रतिक्रिया पनि पस्कन

---

[१४] डाँगी (२०६१), भट्टराई (२०६२), *कान्तिपुर* (२०६१ख), *कान्तिपुर* (२०६१ग) आदि सामग्री, जहाँ हस्तान्तरण नीतिको परिणाम राम्रो भए पनि माओवादी हस्तक्षेपका कारण विद्यालय हस्तान्तरण गतिमा ढिलाइ भएको उल्लेख छ । युद्धकालमा शिक्षा व्यवस्थापनको रकम बचाएर हतियार किन्नमा लगानी गर्ने मनसाय राज्यको हुनाले यो नीतिको विरोध भएको शिक्षक संगठनलाई उद्धृत गर्दै *शिक्षक*मा घिमिरे (२०६४) ले लेखेका छन् ।

[१५] खड्का (२०६२क) ले *कान्तिपुर*मा उल्लेख गरेअनुसार म्याग्दीका कतिपय विद्यालयले माओवादीको दबाबका कारण सम्झौता सरकारलाई फिर्ता गर्ने निर्णय गरेको पाइयो ।

सक्नुपर्थ्यो, जसबाट स्थानीय निकायको विद्यालयप्रति आकर्षण नहुनाका कारण अवगत गराउन छापाको योगदान रहन सक्थ्यो । यसरी २०६२/०६३ पछि विकर्षणका समाचार न्यून हुदै २०६४/०६५ देखि हस्तान्तरणप्रति आकर्षण बढेको[१६] समाचार अत्यधिक पाइन्छ । जसबाट माथि भनिए जस्तै राजनीतिक धारमा छापा बगेको बुझ्न गाह्रो छैन ।

*अन्नपूर्ण पोष्ट*ले नेपाल शिक्षक संघ दोलखाका सचिवलाई उद्धृत गर्दै लेखेको छ, 'अभिभावकहरू आफ्ना नानीहरूलाई एउटा राम्रो किताब राख्ने झोलासम्म दिने हैसियतका नभएको जनाउँदै उहाँले विद्यालयमा कुनै प्रकारका आम्दानीको भरपर्दो स्रोत नभएकाले शिक्षकले पाउने निवृत्तिभरण, उपदान र औषधोपचारजस्तो सुविधा समुदायले बेर्होन नसक्ने बताउनुभयो' (अन्नपूर्ण पोष्ट २०६०क : ६) । साथै शैक्षिक व्यवस्थापनमा समुदाय अपरिपक्व भएको पनि लेखमा उल्लेख छ । काशीराम डाँगी (२०६१) ले *कान्तिपुर*मा माओवादी द्वन्द्वका कारण विद्यालय सञ्चालन गर्न समुदाय सक्षम भई नसकेको लेखेका छन् । *अन्नपूर्ण पोष्ट*मा सुनील न्यौपाने (२०६०) ले पछिल्ला सरकारले कार्यक्रमलाई निरन्तरता दिनेमा शंका भएको नेपाल शिक्षक संघ मोरङका अध्यक्षको भनाइ उद्धृत गरेका छन्, जसमा जागिर जोगाउन समुदायको चाकरी गर्नुपर्ने अवस्थाप्रति शिक्षकहरू आशंकित भएको भनाइ पनि उल्लेख छ । विद्यालयको व्यवस्थापन समुदायलाई हस्तान्तरण गर्ने नीतिमा शिक्षकहरूले नपढाएमा अन्यत्र सरुवा गर्न सक्ने प्रावधान खतरापूर्ण भएकाले विरोध जनाएको सामुदायिक प्रवर्तन केन्द्रका अध्यक्ष प्रकाशसिंह अधिकारीको भनाइलाई सुदर्शन घिमिरे (२०६४) ले *शिक्षक*मा उद्धृत गरेका छन् । दरबन्दी नथपेकोमा शिक्षकहरूको मुख्य विरोध भने पनि यथार्थमा शिक्षक आन्दोलन आफ्नै पेसा सुरक्षामा नै केन्द्रित भएको पनि घिमिरेले लेखेका छन् ।[१७] यसरी एउटै विषयमा *शिक्षक* र अन्य पत्रिकाको प्रस्तुति फरक छ ।

आर्थिक र शैक्षिक हैसियत कमजोर भएका समुदायले विद्यालय जिम्मा लिन नरुचाएको भनी केही छापाले लेखे पनि विद्यालयले प्रोत्साहनस्वरूप पाउने

---

१६ उदाहरणका लागि कृष्ण किसी (२०६५) को *अन्नपूर्ण पोष्ट*मा प्रकाशित लेखलाई लिन सकिन्छ । जसमा देशभरमा एक दर्जन विद्यालय दैनिक रूपमा समुदायमा हस्तान्तरित भइरहेको उल्लेख छ ।

१७ माओवादी निकट शिक्षक संगठनका अध्यक्ष गुणराज लोहनीको भनाइ उद्धृत गर्दै *शिक्षक*मा घिमिरे लेख्छन्, "राहत अनुदान बन्द गरेर शिक्षकको तलब, भत्तालगायतको सम्पूर्ण कुराको ग्यारेन्टी सरकारले लिन्छ भने समुदायमा व्यवस्थापनको अधिकार दिने कुराको विरोध गर्दैनौँ" (२०६४ : ३२) ।

अनुदान[१८] रकमका कारण हस्तान्तरणप्रति आकर्षित भएको पनि पत्रिकाले लेखेका छन् । कुलमध्ये १९ ओटा सामग्रीबाट अनुदानबारे जानकारी पाइन्छ । अनुदान र केही मात्रामा शिक्षक राहत कोटालाई अगाडि ल्याउने क्रममा *अन्नपूर्ण पोष्ट*ले लेखेको छ :

> सामुदायिक विद्यालयको व्यवस्थापन जिम्मेवारी समुदायले लिँदा प्रोत्साहनस्वरूप एकमुष्ट एक लाख रुपैयाँ प्रतितहका लागि अनुदान दिने व्यवस्था सरकारले गरेको छ । त्यसैगरी विद्यार्थी संख्याको आधारमा बढीमा तीनओटासम्म राहत अनुदानको कोटासमेत उपलब्ध गराउने व्यवस्था छ । ... विद्यार्थी संख्या बढी भएर पनि दरबन्दी नपाएका र आर्थिक मारमा परेका विद्यालयहरूले व्यवस्थापन समुदायमा हस्तान्तरण गरेका छन् (अन्नपूर्ण पोष्ट २०६५ : ९) ।

यसले विद्यालयहरू तत्काल पाइने लाभबाट प्रेरित भएको जानकारी गराएको छ । तर हस्तान्तरणका अरू पक्षलाई भने गौण मानेको प्रस्तुतिमा देखिन्छ ।[१९] यस्तो समाचारले हस्तान्तरण नीति आर्थिक रूपमा कमजोर भएका विद्यालयहरूका लागि मात्र हो भन्ने गलत सन्देश जान सक्छ । शैक्षिक गुणस्तर सुधार गर्न विद्यालयमा समुदायको हस्तक्षेपका विविध आयामबारे बुझ्ने बुझाउने काममा छापाहरू सतहीरूपमा प्रस्तुत भएका छन् ।

## *समुदायको उत्तरदायित्व*

हस्तान्तरणपश्चात् विद्यालयमा समुदायको सहयोग तथा सहभागिता बढेको तथ्य छापाले उजागर गरेका छन् । सीमान्तीकृत समुदायका बालबालिकाहरूलाई आकर्षित गर्न र शैक्षिक स्तरमा वृद्धि गर्न स्थानीय जनताको अग्रसरतामा दलित, जनजाति र गरिब विद्यार्थीहरूलाई झोला तथा पोसाक वितरण, निःशुल्क शिक्षा, छुट्टै अंग्रेजी र गणित कक्षा सञ्चालन गरेको *कान्तिपुर* (२०६१क; २०६३क) मा उल्लेख छ । शिक्षालाई समावेशी बनाउन समुदायले गरेको प्रयासलाई छापाले अगाडि ल्याएको छ, जुन महत्त्वपूर्ण छ । विद्यालयका लागि अभिभावकले मैदान सम्याउने, कम्पाउन्ड

---

[१८] विश्व बैंकको सहयोगमा सञ्चालित समुदायलाई विद्यालय हस्तान्तरण कार्यक्रमअन्तर्गत हस्तान्तरणमा जाने विद्यालयलाई प्रोत्साहनस्वरूप प्रावि तहमा एक लाख, निमाविलाई दुई लाख र माविलाई तीन लाख रकम प्रदान गरिन्छ ।

[१९] अपवादको रूपमा विद्यालय सञ्चालनमा भएको योजना र निर्णयको अधिकारजस्ता प्रावधानले विद्यालय प्रभावित भएको लेख पाइन्छ । जस्तो, *कान्तिपुर*मा मानन्धर (२०६१) को लेखलाई लिन सकिन्छ ।

घेर्ने तथा नयाँ भवन बनाउन श्रमदान गर्ने गरेको *कान्तिपुर*मा राजेन्द्र मानन्धर (२०६१) ले उल्लेख गरेका छन् ।[२०] विशेष गरी भवन निर्माण, समिति गठन र समुदायको परिचालन आदिमा मात्र स्थानीय जनताको निर्णयले स्थान पाएको छ (सेरिड सन् २००९) । डोटीका एक अभिभावकलाई उद्धृत गर्दै टेकेन्द्र देउवाले *अन्नपूर्ण पोष्ट*मा लेखेका छन्, "राम्रो गर्न सके हाम्रै विद्यालय बन्ने हो नराम्रो गरे हाम्रै केटाकेटी पढ्नबाट वञ्चित हुनेछन्" (२०६५ : ७) । उनले विद्यालयमा अभिभावकबाट चन्दा दिने होडबाजी नै चलेको पनि उल्लेख गरेका छन् । यसरी उत्तरदायित्व बढेको सम्बन्धमा प्रकाशित सात सामग्रीमध्ये पाँचओटाले भौतिक पूर्वाधार विकासमा भएको योगदानलाई अगाडि ल्याएर विद्यालयप्रति समुदायको उत्तरदायित्व बढेको उल्लेख गरेका छन् । तर यसले विद्यालयले अभिभावक तथा स्थानीय समुदायलाई स्रोत परिपूर्तिका लागि प्रयोग मात्र गरेको ठहर्छ । विद्यालयको स्वामित्व उनीहरूमा भएको भन्न सकिँदैन ।

गाउँलेहरूले स्वयं अध्यापन गरी सहयोग गरेको भन्दै न्यून पारिश्रमिकमा अध्यापन गरिरहेको तथा निजी स्रोतका स्थानीय शिक्षकलाई समयमा तलब दिन नसकेको तथ्य पनि *कान्तिपुर*मा मानन्धर (२०६१) र काशीराम डाँगी (२०६१) ले उजागर गरेका छन् ।[२१] उल्लिखित समाचारले हस्तान्तरणको नाममा गाउँलेको श्रमशोषण गरेको देखिन्छ । रोल्पाको एक विद्यालयलाई निमावि तहमा स्वीकृत गराउन गाउँलेले अन्न बेचेर पैसा जुटाएको *कान्तिपुर*मा डाँगी (२०६१) ले लेखेका छन् । समुदायमा उत्तरदायित्व बढेको प्रमाणित गर्न यस्ता विषयलाई अगाडि ल्याइएको छ । अन्न उत्पादन नभएर बाहिरबाट खाद्यान्नको आपूर्ति गर्नुपर्ने ठाउँमा विद्यालय सञ्चालनको विकल्प नभएर खाने अन्न बेच्नु परेको देखिन्छ । यो कोणबाट समाचार आएको भए सरकारलाई त्यस्ता ठाउँहरूका विद्यालयमा विशेष सहयोग गर्नुपर्ने दबाब पर्न सक्थ्यो ।

हस्तान्तरणबाट वास्तविक समुदायले अधिकार पाउनेमा शंका गर्दै नेपाल शिक्षक युनियनका अध्यक्षको भनाइ *शिक्षक*मा यसरी उल्लेख गरिएको छ, "समुदायमा हस्तान्तरण गर्ने कार्यक्रमले केही टाठा-बाठा प्रधानाध्यापक (प्रअ), अध्यक्ष र जिशिअ, मन्त्रालय र विभागका वरिष्ठ अधिकारी एवं सरकारी तथा दातृ

---

[२०] एजुकेसन जर्नलिस्ट ग्रुप (सन् २००३ र सन् २००४) मा बाँकेमा कोदो खेती गरी तथा सुर्खेतमा लेबी संकलनबाट गाँउलेले विद्यालयका लागि कोष खडा गरेको उल्लेख छ ।

[२१] दाङमा महिनाको १५०० रुपैयाँ तलबमा शिक्षकहरूले अध्यापन गरिरहेको पाइयो । विस्तृत जानकारीका लागि *कान्तिपुर*मा रिजाल (२०६१) को लेख हेर्नुहोस् ।

संस्थाको रासनपानीमा खडा भएका गैरसरकारी संस्थाका पदाधिकारीहरूलाई यो कार्यक्रम लैनो-गाई बन्न पुगेको छ" (केशवप्रसाद भट्टराई २०६४ : ३४) । नीतिअनुसार व्यवस्थापन जिम्मा लिन चाहने विद्यालयमा विद्यालय व्यवस्थापन समिति तथा शिक्षक अभिभावक संघ गठन गरेको हुनुपर्ने प्रावधान छ । विद्यालय व्यवस्थापन समिति गठन भएका पनि छन् । तर हस्तान्तरण नीतिबारे समिति सदस्यहरूको जानकारी न्यून भएको तथ्य विभिन्न अध्ययनले देखाएका छन् (जस्तो : एजुकेसन जर्नलिस्ट ग्रुप सन् २००३; भट्ट सन् २००३) । शिक्षक अभिभावक संघ गठन भएको देखिँदैन । जसबारे *अन्नपूर्ण पोष्ट*मा मात्र दुइटा समाचार प्रकाशित छन् ।[२२] शिक्षक अभिभावक संघले अभिभावकहरूको शिक्षक तथा विद्यालयसँगको सम्बन्धलाई नजिक बनाउन सघाउँछ । संघ नै नभएपछि आम अभिभावकको विद्यालयसँगको दूरी कायमै छ भन्ने बुझिन्छ । जिम्मा लिएपछि समुदायमा अपनत्व बढेको भनेर अभिभावकका तर्फबाट शिक्षा कार्यालयका शाखा अधिकृतको भनाइलाई लालप्रसाद शर्मा (२०६५) ले *कान्तिपुर*मा उल्लेख गरेका छन् । सरकारी पक्षबाट आएका यस्ता भनाइमा अपनत्वलाई आफ्नै तरिकाले परिभाषित गरेको भेटिन्छ । निर्णायक भूमिकामा समुदायको सक्रियता तथा हस्तक्षेप नभई स्वामित्व बोध भएको भन्न सकिँदैन । स्रोतबाट उपयुक्त जानकारी खोतल्न सक्नु पत्रकारको कला हो । सरकारी पक्षबाट आएको अभिव्यक्तिको जरोसम्म पस्न नसक्नुलाई पत्रकारहरूको कमजोरीका रूपमा लिन सकिन्छ ।

## *प्रधानाध्यापक, शिक्षक र विद्यालय व्यवस्थापन समिति*

प्रधानाध्यापक (प्रअ) तथा शिक्षक गुणस्तरीय शिक्षाका वाहक हुन् । उनीहरूले पाठ्यपुस्तकको ज्ञानलाई विद्यार्थीमा सम्प्रेषण गर्ने प्रत्यक्ष माध्यमको भूमिका खेल्दछन् । विद्यालय व्यवस्थापनको मुख्य केन्द्रमा प्रअ हुने हुँदा उनमा सकारात्मक सोच, मिहिनेत, शिक्षकलाई काम गराउने शैली, शिक्षकसँग गरिने व्यवहार राम्रो भएमा अन्य प्रभाव स्वतः न्यून हुन्छ (शर्मा २०६८) ।[२३] विद्यालयले राम्रा

[२२] लामिछाने (२०६०क) र *अन्नपूर्ण पोष्ट* (२०६२) ।

[२३] यामबहादुर पुनले मार्टिन चौतारीमा २०६८ भदौ ५ मा भएको छलफल कार्यक्रममा काभ्रे जिल्लाका विद्यालयहरूको स्थलगत अध्ययनको आधारमा गरेको प्रस्तुतिमा समुदायमा हस्तान्तरण भएका र नभएका दुवै विद्यालयमा विद्यालयप्रति सकारात्मक इच्छा भएका र समुदायको विश्वास जितेका प्रअले विद्यालयमा राम्रो नतिजा ल्याउन सकेको जानकारी दिएका थिए । तसर्थ नतिजा हस्तान्तरण नीतिको कारणभन्दा पनि व्यक्तिगत चाहना र क्षमतामा भर पर्ने देखिन्छ ।

शिक्षकहरूलाई पुरस्कार तथा बोनस दिने गरेको *कान्तिपुर*मा मानन्धर (२०६१) र पोखेल (२०६५) ले उल्लेख गरेका छन् । सफल भनिएका विद्यालयमा प्रअ, शिक्षक तथा व्यवस्थापन समितिको नेतृत्वदायी भूमिका महत्त्वपूर्ण भएको गणेश राई (२०६५ख) र प्रेमप्रसाद भुसाल (२०६७) ले जनाएका छन् । कतिपय विद्यालयमा प्रअले कडा नियममा बाँधेर शिक्षक तथा विद्यार्थीलाई अनुशासित बनाई शैक्षिक सफलता हासिल गरेको छापाले उल्लेख गरेका छन् ।[२४] शिक्षकको प्रतिबद्धता विद्यालयको प्रगतिको कारक भएको छापाबाट बुझ्न सकिन्छ ।

एजुकेसन जर्नलिस्ट ग्रुप (सन् २००३) का अनुसार बाँकेलगायत विभिन्न जिल्लाका विद्यालयमा शिक्षकहरूले विद्यालय सुधारमा सहयोग नगरेको देखिन्छ ।[२५] शिक्षकहरूले आफैँलाई विश्वास नगरेर आफ्ना बच्चाहरू संस्थागत विद्यालयमा पढाएका उदाहरण धेरै छन् ।[२६] विद्यालय हस्तान्तरण हुनेबित्तिकै एक खालको वातावरणमा अभ्यस्त भएका र सोहीबमोजिमको प्रवृत्ति, विचार, क्षमता भएका प्रअ, शिक्षक, समुदाय र विद्यार्थीको मनस्थितिमा तुरुन्तै परिवर्तन आउँछ भन्न सकिँदैन । विद्यालयको आन्तरिक व्यवस्थापन चुस्त बनाउन समुदायलाई विद्यालयमा स्वामित्वको महसुस गराउनु यो नीतिको मूल उद्देश्य हो । विजयशेखर भट्टराईले *शिक्षक*मा इलामको एक निमाविको सन्दर्भमा हस्तान्तरणपश्चात् सो विद्यालयमा उत्तीर्ण प्रतिशत घटेर ५० बाट ३७ भएको र शैक्षिक गुणस्तर घटेको भन्दै लेखेका छन्, "शिक्षक कम भए भनौँ भने २०३ जना विद्यार्थीलाई पढाउन १० जना शिक्षक छन् । पढ्ने ठाउँ छैन भनौँ भने विद्यालय भवन राम्रै छ" (२०६४ : २९) । भट्टराईले अध्यापनमा प्रअ तथा शिक्षकहरूको लापरबाहीतर्फ अप्रत्यक्ष संकेत गरे पनि त्यो पाटोलाई राम्ररी छोएका छैनन् । शैक्षिक गुणस्तर सुधारमा जसरी प्रअ तथा शिक्षकहरूले भूमिका खेल्छन्; असफल हुनुमा पनि उनीहरू नै बढी जिम्मेवार हुने देखिन्छ । यद्यपि शिक्षकहरूको कमीकमजोरी औँल्याउनेतिर

---

[२४] बाँकेका ज्ञानोदय उमाविका प्रअ घमानसिंह बस्नेतले शिक्षक तथा विद्यार्थीलाई गुटबन्दी गर्न र राजनीतिक गतिविधिमा भाग लिन नदिने तथा बिदा कम दिने गरेका छन् (प्रकृति अधिकारी २०६५) ।

[२५] यामबहादुर पुनले मार्टिन चौतारीको २०६८ भदौ ५ कै छलफल कार्यक्रममा विद्यालयमा गरिब समुदायको नियन्त्रण फितलो रहेको उल्लेख गरेका थिए । उनीहरू शिक्षकमा नै भर पर्छन् । निर्णायक भूमिका शिक्षकहरूकै हुन्छ । तसर्थ नराम्रा विद्यालयमा शिक्षकको उदासीनता बढी भएको उनको तर्क थियो ।

[२६] शिक्षा पत्रकार समूहद्वारा सन् २००३ मा पाँचओटा जिल्लामा अवस्थित सामुदायिक विद्यालयहरूमा गरिएको सर्वेक्षणमा आदर्श प्रावि इलामका प्रअलगायत पाँच शिक्षकले आफ्ना बच्चाहरू संस्थागत विद्यालयमा पढाएको पाइयो । 'माथिल्लो निकायका मान्छेले पढाउन हुन्छ हामीले किन हुँदैन' भन्ने उनीहरूको प्रतिप्रश्न थियो (एजुकेसन जर्नलिस्ट ग्रुप सन् २००३) ।

छापाहरूको ध्यान गएको छैन ।[२७] यसै गरी पछिल्लो समयमा विद्यालयप्रति शिक्षकहरूको धारणा कस्तो छ भन्नेतिर पनि छापाको ध्यान गएको छैन ।

हस्तान्तरण नीतिमा प्रअ तथा शिक्षक नियुक्त गर्ने, विद्यालयको स्रोतबाट बेहोर्ने गरी अन्य शिक्षक तथा कर्मचारी नियुक्त गर्ने,[२८] र उसलाई काममा हाजिर गराउने, उक्त शिक्षक तथा कर्मचारीको तलब, भत्ता र अन्य सुविधा निर्धारण गर्ने, विद्यालयको विकासका लागि योजना तर्जुमा गरी लागू गर्ने, स्रोत परिचालन तथा स्रोत संकलन गर्ने, शैक्षिक, भौतिक तथा वित्तीय रेकर्ड राख्ने र अद्यावधिक गर्ने, विद्यालयभित्र धार्मिक, राजनीतिक तथा जातीय चलखेल रोक्ने जस्ता अधिकार विद्यालय व्यवस्थापन समितिलाई दिइएको छ (हिमाली प्रकाशन २०६६) । तर छापाबाट यी क्रियाकलापमा समितिको सक्रियता नभएको बुझिन्छ । विद्यालय व्यवस्थापन समिति गठन प्रक्रियामा विद्यालयका केही अभिभावक मात्र जानकार र समावेश भएको तथा व्यवस्थापन समितिका केही सीमित सदस्यहरू मात्र आफ्नो अधिकार र दायित्वबारे जानकार रहेको भट्ट (सन् २००३) ले उल्लेख गरेका छन् । तर छापाले यसबारे खासै चर्चा गरेको भेटिँदैन । *द हिमालयन टाइम्स*मा नारायण कुँवर (सन् २००२) ले समुदायको अधिकारबारे केही चर्चा गरेको अपवादबाहेक[२९] व्यवस्थापन समितिलाई स्रोत जुटाउने माध्यमका रूपमा मात्र अध्येय छापाले चित्रण गरेका छन् । व्यवस्थापन समितिको संरचनाबारे छापा मौन छन् । विद्यालय व्यवस्थापन समितिमा स्थानीय समुदायको प्रतिविम्ब देखिनुपर्छ । समुदायप्रति विद्यालयको पनि अपनत्व भएमा समुदायको सार्थक सहभागिता सम्भव हुन्छ । व्यवस्थापन समितिमा कस्ता व्यक्तिहरूको पहुँच छ तथा विद्यालयमा उनीहरूको भूमिका/अधिकार कस्तो छ जस्ता विषयप्रति अध्येय छापा उति मुखर छैनन् ।

## *शुल्क र शैक्षिक गुणस्तर*

हस्तान्तरित विद्यालयले शुल्क लिएर मात्र राम्रो गर्न सकेको तथ्य केही छापामा प्रकाशित छन् । संखुवासभामा सामुदायिक विद्यालयले संस्थागत स्कूलभन्दा तीन गुणा कम शुल्क लिएर अंग्रेजीमा अध्यापन गरिरहेको, र शुल्क लिएपछि

---

[२७] *द हिमालयन टाइम्स*मा प्रकाशित नारायण कुँवरको लेखमा शिक्षकहरू न्यून योग्यता र पेसाप्रति प्रतिबद्ध नभएको चर्चा छ (कुँवर सन् २००२) । यसबाहेक अन्य सामग्रीमा यसबारे चर्चा गरेको पाइँदैन ।

[२८] शिक्षक नियुक्तिपत्र लिएको व्यक्तिलाई मात्र नियुक्त गर्नुपर्ने नीतिमा उल्लेख छ (भट्ट सन् २००३) ।

[२९] त्यस समाचारमा समितिले अभिभावकहरूको प्रतिनिधित्व गर्दैन भनिएको छ । र, गैरजिम्मेवार शिक्षकलाई कारबाही गर्ने जस्ता अधिकार पर्याप्त नभएकोबारे चर्चा गरिएको छ ।

बालबच्चाको शिक्षामा अभिभावकको चासो बढेको *कान्तिपुर* (२०६३ख) मा उल्लेख छ । विद्यालयले सशुल्क गरेपछि मात्र राम्रो गर्न सकेका थुप्रै उदाहरण भेटिन्छन् ।[३०] शिक्षा नीतिको विपरीत भए पनि शुल्क लिएकोमा अभिभावकहरू राजी भएको *कान्तिपुर*मा सुदर्शन रिजाल (२०६१) ले लेखेका छन् । विद्यार्थीको चाप बढेपछि शिक्षक थप गर्न शुल्क लिएको लेखमा उल्लेख छ । शिक्षणसँग सम्बन्धित अति आवश्यक कुरा पनि नहुनाले शुल्क उठाउनु विद्यालयको बाध्यता भएको आशय रिजालको छ । विद्यालयको विद्यमान अवस्थामा सुधार नगरी सस्तो नाराका रूपमा लागू गर्न खोजिएको निःशुल्क शिक्षाबाट शैक्षिक गुणस्तर सम्भव छैन भन्ने उदाहरणलाई अगाडि ल्याउन छापाको योगदान प्रशंसनीय छ । यद्यपि संविधानतः निःशुल्क शिक्षालाई सुरक्षित गरेको[३१] अवस्थामा विद्यालयहरूले शुल्क लिएकोमा छापाले प्रश्न गर्न सकेका छैनन् ।

पत्रकारले विद्यालय बाहिरका मुद्दालाई मात्र उठान गर्ने सामर्थ्य राख्दछन् । कक्षाकोठाभित्र उनीहरूको प्रवेश निषेध छ (राई २०६५क) । तसर्थ, शिक्षण सिकाइको वातावरण तथा कक्षाकोठाभित्रका समस्या छापामा नआउनु स्वाभाविक हो । तर छापाले विद्यार्थीहरूको शैक्षिक प्राप्तांकको तथ्य अगाडि ल्याएर विद्यालयको गुणस्तरप्रति सचेत गराउन सक्छ । विद्यार्थीको नतिजाबारे समाचार आएका पनि छन् । जस्तो : 'समुदायलाई हस्तान्तरण गरिएपछि विद्यालयको गुणस्तरमा सुधार' शीर्षकमा विद्यालयहरूमा भर्ना दर बढेको र उत्तीर्ण प्रतिशत पहिलेभन्दा बढेर ७० प्रतिशत भएको विद्यालय व्यवस्थापन समिति सदस्यको भनाइलाई राजकुमार दिक्पाल (२०६१) ले *अन्नपूर्ण पोष्ट*मा उल्लेख गरेका छन् । तर त्यस अगाडि कति थियो भनेर उल्लेख नगर्दा सुधारको मात्रा थाहा पाउन सकिँदैन । विशेषतः २०६४/०६५ देखि सामुदायिक विद्यालयको गुणस्तरमा सुधार भएको समाचार आएका छन् । विश्व बैंकले गरेको एक अध्ययनअनुसार एक वर्षको अन्तरालमा विद्यालय जाने उमेरका विद्यालय बाहिर भएका २१ प्रतिशत बालबालिकाको

[३०] सफल मानिएको ज्ञानोदय मावि बाफल, काठमाडौँमा अभिभावकको आर्थिक औकात हेरी सक्ने र नसक्ने तह छुट्याई शुल्क निर्धारण गरिएको *शिक्षक*मा सुदर्शन घिमिरे र प्रमोद आयाम (२०६७) ले जनाएका छन् ।

[३१] नेपालको संविधान २०४७ को नीति निर्देशक सिद्धान्तमा शिक्षालाई क्रमशः निःशुल्क गर्दै लाने भनिएको र अन्तरिम संविधान २०६३ मा मौलिक हकका रूपमा माविसम्म नागरिकलाई निःशुल्क शिक्षा दिइनुपर्ने उल्लेख छ । संविधानसभामा मस्यौदा तयार पार्ने सिलसिलामा पनि विभिन्न समितिले माविसम्म निःशुल्क शिक्षा हुनुपर्ने, पिछडिएका जाति/वर्गहरूलाई उच्चशिक्षासम्म निःशुल्क हुनुपर्ने जस्ता प्रावधान प्रस्ताव गरेको छ ।

संख्या घटेर ६ प्रतिशत पुगेको छ भनी *कान्तिपुर*मा देवेन्द्र भट्टराई (२०६२) ले लेखेका छन् । तर शिक्षामा पिछडिएका सीमान्तीकृत तथा दलितहरूको शैक्षिक सुधारबारे छापाहरूले ध्यान दिएका छैनन् ।[३२] शिक्षामा समावेशीकरणको बहसका लागि महत्त्वपूर्ण यस्ता विषयलाई उपेक्षा गरिएको छ जसले छापाहरूले मुद्दाको संवेदनशीलतालाई बुझ्न नसकेको कुरातर्फ केही संकेत गर्छ ।

शिक्षामा गुणात्मक सुधार भएका समाचार अत्यन्तै न्यून छन् । विद्यालयको मूल्यांकनको आधारमा भौतिक पूर्वाधार, शैक्षिक प्राप्तांक तथा विद्यार्थी सहभागितालाई लिने गरिन्छ । भौतिक सुधार नभई गुणात्मक सुधार नआउने देवेन्द्र भट्टराई (२०६१) को धारणा छ । भट्टराईले संख्यात्मकबाट गुणात्मक काम हुन बाँकी भएको शिक्षाविद्को भनाइलाई उल्लेख गरेका छन् । अन्य धेरै लेखहरूले गुणस्तर सुधारको मापदण्डका आधारमा विद्यार्थी भर्ना दरमा वृद्धि, भौतिक पूर्वाधार, अंग्रेजी माध्यमबाट पढाइ र बोर्डिङ सरहको पोसाकलाई मुख्य रूपमा लिएका छन् ।[३३] तर यी कुरालाई नै सामुदायिक विद्यालयको ठूलो उपलब्धि मान्नुको औचित्य के हो भनी लेखहरूले पुष्टि गर्दैनन् ।

कतिपय प्रस्तुतिहरू सामुदायिक विद्यालयको गुणस्तरको सस्तो प्रचारबाजीमा केन्द्रित छन् ।[३४] 'बोर्डिङसँग प्रतिस्पर्धा गर्दै सामुदायिक विद्यालय' भन्ने शीर्षकमा मानन्धर (२०६१) ले *कान्तिपुर*मा लेखेको समाचारमा विद्यालयलाई बोर्डिङको जस्तो गुणस्तरमा पुऱ्याउने विद्यालय पक्षको सोच भएको जनाएका छन् तर बोर्डिङसँग प्रतिस्पर्धा गरेको कुनै पनि तथ्य समाचारमा छैन । यस्तै, *कान्तिपुर*मा प्रकाशित लेखमा राई (२०६५ख) ले हस्तान्तरण भएपछि लैंगिक चेतना वृद्धि भएको बताएका छन् जसमा विद्यालयमा छात्राहरूको संख्यामा वृद्धि भएको भनिएको छ । 'कसरी र कस्तो खालको चेतना वृद्धि भयो ?' भन्नेबारे भने उल्लेख छैन । विद्यालयमा छात्रा संख्या वृद्धिको अवस्था अन्य सरकारी विद्यालयमा पनि देखिन्छ ।[३५] यस्ता समाचारले पाठकलाई झुक्याउँछन् । धेरै देखिने यस्तो

---

[३२] भट्टराई (२०६२) ले *कान्तिपुर*मा ३५ प्रतिशत दलित बच्चा विद्यालयबाहिर भएकोमा हस्तान्तरणको एक वर्षपछि चार प्रतिशतमा झरेको विश्व बैंकले गरेको अध्ययनको तथ्यांक उल्लेख गरेका छन् ।

[३३] हेर्नुहोस् *कान्तिपुर* (२०६६), *कान्तिपुर* (२०६१घ), दिक्पाल (२०६१) ।

[३४] *अन्नपूर्ण पोष्ट*ले 'समुदायको जिम्मा लिन अग्रसर होऊ' शीर्षकमा २०६३ पुस १४ मा समाचार प्रकाशन गरेको छ । यस्तो आग्रहपूर्ण आशयको समाचार धेरै भेटिन्छ ।

[३५] हेर्नुहोस् २०६४ माघ २३ मा *कान्तिपुर*मा प्रकाशित बेनुपराज भट्टराईको 'विद्यालयमा छात्रा बढी' भन्ने शीर्षकको लेख । यस्तै, शिक्षा मन्त्रालयले हरेक वर्ष प्रकाशन गर्ने फ्ल्यास् रिपोर्टले पनि समग्रमा छात्राहरूको संख्यामा उल्लेख्य वृद्धि भएको देखाउँछ ।

प्रवृत्तिलाई संयोगवश मात्र आएको हो भन्न सकिँदैन । पराजुली (२०६५) का अनुसार धेरैजसो रिपोर्टरको ध्याउन्न कस्तो प्रक्रिया पार गर्दै समाचार बन्छ र समाचार कसरी बलियो बन्छ भन्नेमा हुँदैन । पराजुलीको यस कुरालाई यी समाचारले पनि पुष्टि गर्दछन् ।

## *अनुदान रकम र भौतिक पूर्वाधारको सम्बन्ध*

पत्रकारिता गर्दाको अनुभवका आधारमा रमा पराजुलीले रिपोर्टरको काममाथि चासो दिने संयन्त्र न्यूजरूममा नहुनाले पत्रकारहरू पेसाप्रति पर्याप्त गम्भीर बन्न नसकेको उल्लेख गरेकी छिन् (पराजुली २०६५) । यसको असर शिक्षासम्बन्धी छापा सामग्रीमा पनि देख्न सकिन्छ । जस्तो : हस्तान्तरण गर्दा पाउने अनुदान रकमले विद्यालयहरूले भौतिक विकास गरेको *कान्तिपुर*मा छन्त्याल (२०६५) ले उल्लेख गरेका छन् । यसै गरी *शिक्षक*मा घिमिरेले समुदायमा हस्तान्तरण हुनुभन्दा अगाडि बन्द हुने अवस्थामा पुगेको बुटवलको नवीन आद्यौगिक माविमा हस्तान्तरण गरेपछि भएको भौतिक विकासबारे लेखेका छन्, "पाँचओटा स्कूल भवन छन् । खानेपानी छ । ट्वाइलेट छ । बगैँचा छ । चाहिने जति बेन्च छन् । छात्रावास छ । शिक्षक आवास छ । २० ओटा कम्प्युटर छन्" (२०६४ : २८) । समुदायले जिम्मा लिएपछि अनुदान रकमबाट विद्यालयमा रचनात्मक काम भएको भनी दिक्पाल (२०६१) ले *अन्नपूर्ण पोष्ट*मा सोही विद्यालयको उदाहरण दिएका छन् ।[३६] यस्तै, लालप्रसाद शर्मा (२०६५) ले बाग्लुङको एक माविको व्यवस्थापन समिति अध्यक्षले समुदायमा गएपछि पाएको दुई लाख रूपैयाँले ११ लाखको काम भएको, पेल्ट्रिक सेट जोडेर कम्प्युटर शिक्षा दिन सुरु गरिएको *कान्तिपुर*मा उल्लेख गरेका छन् । समुदायमा हस्तान्तरण हुनु र यति धेरै भौतिक विकास हुनुको सम्बन्धलाई छापाले प्रस्ट्याएका छैनन् । प्रमाणविहीन यस्ता सामग्रीले पत्रकारहरूबाट आएको समाचारको विश्वसनीयता परीक्षण गर्ने न्यूजरूम परिपाटी चुस्त नभएको प्रमाण दिन्छन् ।

हस्तान्तरण गरेपछि पाइने एक लाख रूपैयाँको आकर्षणलाई पत्रिकाले महत्त्व दिएका छन् । वर्षौंदेखि अस्तव्यस्त विद्यालयको भौतिक पूर्वाधार विकासका लागि अनुदान रकमबाट केही राहत मिले पनि दिगो स्रोत विकासमा यसले खासै योगदान गर्दैन । सफल भएका सामुदायिक विद्यालयहरूले आन्तरिक स्रोतको

---

[३६] उनले विद्यालय व्यवस्थापन समितिलाई उद्धृत गर्दै उक्त माविले छोटो अवधिमा ६५ लाख बराबरको भौतिक पूर्वाधारमा सुधार गरेको लेखेका छन् ।

राम्रो उपयोग गरेको पत्रिकाले उल्लेख गरेका छन् ।[३७] तर यस्तो अभ्यास हस्तान्तरण नभएका विद्यालयमा पनि पाउन सकिन्छ । दुवै विद्यालयमा भएका अभ्यासमा खासै फरक देखिँदैन ।[३८] त्यसैले यसको श्रेय छापाले सम्पूर्णरूपमा हस्तान्तरण नीतिलाई दिनुको बलियो आधार देखिँदैन ।

खोजमूलक लेखन नगरेर केवल औपचारिक रिपोर्टिङ गर्नु नेपाली पत्रिकाहरूको प्रवृत्ति हो (गौतम २०६०) । कतिपय समाचारमा अमूर्त शीर्षक राख्नाले महत्त्वपूर्ण जस्तो लागे पनि भन्न खोजेको कुरा अस्पष्ट छ । जस्तो : *अन्नपूर्ण पोष्ट* (२०६०ग) ले 'पूर्वाधारविना विद्यालय हस्तान्तरण गरिँदा दायित्वबोधको अभाव' शीर्षकमा समाचार प्रकाशन गरेको छ । पूर्वाधारले भौतिक तथा अभौतिक (समुदाय, शिक्षकको चेतना आदि) दुवै बुझ्न सकिन्छ । पूर्वाधारको रूपमा के-के विकास हुनुपर्थ्यो भन्दा पनि समाचारमा पूर्वाधारविना विद्यालय हस्तान्तरण गरिँदा विद्यालयहरूले दायित्वबोध गर्न नसकेको, सरकारी नीति राम्रो भए पनि व्यावहारिक नभएको तथा प्रोत्साहनस्वरूप पाउने रकम खर्च गर्ने प्रक्रियाबारे चर्चा गरिएको छ । जुन कुरा एक अन्तर्क्रियात्मक कार्यक्रमका सहभागीबाट अभिव्यक्त भएको हो । समाचारका प्रसंगहरू प्रवाहमय नभएर विशृंखलित छन् । साथै, अभिव्यक्तिहरूलाई व्याख्या नगर्नाले पनि समाचार अर्थहीन बनेको छ ।

## *पठनपाठन सुधारका लागि पृथक् प्रयास*

शैक्षिकरूपमा राम्रो गर्न सक्ने र नसक्ने विद्यालयका वास्तविकतालाई केलाउँदा स-साना प्रयासले पनि धेरै ठूलो अन्तर ल्याएको रमाकान्त शर्मा (२०६८) को तर्क छ । विद्यालयले अवलम्बन गरेको पृथक् अभ्यासको प्रचारप्रसारमा छापाको विशेष रुचि देखिन्छ ।[३९] सामुदायिक विद्यालयहरूमा कम्प्युटर, अंग्रेजी शिक्षा, बोर्डिङको जस्तो पोसाक, विद्यार्थीवृत्ति, बालमैत्री सिकाइ, अन्य विद्यालयभन्दा थप समय पढाउने तथा बालबालिका हेर्ने सहयोगी महिला राखेको जस्ता कुरा उल्लेख गरेका छन् । चेतन अधिकारी (२०६५) को *कान्तिपुर*मा प्रकाशित लेखअनुसार

---

[३७] *शिक्षक*मा प्रकाशित घिमिरे (२०६४) को लेख र *कान्तिपुर*मा चेतन अधिकारी (२०६५) ले उल्लेख गरेअनुसार नवीन औद्योगिक माध्यमिक विद्यालयमा अढाइ बिघा जग्गामा निर्मित भवनको भाडाबाट विद्यालय सञ्चालन गरिनु र बाँकेको ज्ञानोदय उमाविका १३ जना शिक्षकहरू निजी स्रोतबाटै परिचालित हुनुलाई उदाहरणका रूपमा लिन सकिन्छ ।

[३८] यामबहादुर पुनद्वारा २०६८ भदौ ५ मा मार्टिन चौतारीको छलफलमा गरिएको प्रस्तुतिमा आधारित ।

[३९] दिक्पाल (२०६१), भट्टराई (२०६१), लालप्रसाद शर्मा (२०६५), घिमिरे (२०६४) र *कान्तिपुर* (२०६४) लगायतमा यसबारे चर्चा गरिएको छ ।

झापा सुरुङ्गाको विद्यालयमा बालबालिकालाई आफ्नो इच्छाबमाजिम पढ्ने र मनलागे खेल्ने छुट छ । कक्षामा भित्तेलेखन गरिएको छ तथा शैक्षिक सामग्री टाँगिएका छन् । यस्तो भौतिक तथा शैक्षिक वातावरणको व्यवस्था गरिएपछि कक्षा एकमा विद्यार्थी संख्या ह्वात्तै बढेको अधिकारीको ठहर छ । अभ्यासप्रति विद्यार्थी तथा अभिभावकको धारणा लिइएको छैन । समुदायलाई हस्तान्तरण गर्दैमा सबै समस्याको न्यूनीकरण हुन्छ भन्न सकिन्न । यस्ता अभ्यासका लागि विद्यालयहरूले शुल्क लिने गरेको तथ्य माथिको अनुच्छेदमा चर्चा गरिसकिएको छ । न्यून आय भएका समुदायका बालबालिका पढ्ने विद्यालयका सबै अभिभावकले बोर्डिङजस्तो पोसाक किन्ने आर्थिक हैसियत नराख्न सक्छन् । यसरी विद्यालयको कोणबाट समाचार सम्प्रेषण गर्दा यी मुद्दातर्फ छापाहरू मौन छन् ।

सामुदायिक विद्यालयले अवलम्बन गरेको अंग्रेजी माध्यमबाट पढाइ र बोर्डिङ सरहको पोसाकमा छापाको ध्यान केन्द्रित भएको देखिन्छ । सरकारी विद्यालयहरूको खस्कँदो अवस्थाको कारण हुने खानेले मात्र नभई न्यून आय हुनेले पनि बालबच्चा बोर्डिङमा पढाउन थालेका छन् । तसर्थ विद्यार्थीलाई सोही विद्यालयमा टिकाइराख्न बोर्डिङ स्कूलको देखासेखी गर्न विद्यालयहरू बाध्य भएको देखिन्छ । यस्तो अभ्यास अन्य विद्यालयले पनि गरिरहेका छन् । जस्तो : *द हिमालयन टाइम्स* (सन् २०१०) ले म्याग्दीका धेरै विद्यालयमा अंग्रेजी माध्यमबाट शिक्षण गरेको उल्लेख छ । तर, यस्तो अभ्यासले विद्यालयको शैक्षिक नतिजामा पारेको प्रभाव छापामा देखिँदैन ।

'सामुदायिक विद्यालयमा अंग्रेजी' शीर्षकको *कान्तिपुर* (२०६६) मा प्रकाशित सामग्री संस्थागत विद्यालयको शुल्क वृद्धिले ल्याएको असरमा केन्द्रित छ । संस्थागत विद्यालयले ३० प्रतिशत शुल्क वृद्धि गरेपछि सामुदायिक विद्यालयका सञ्चालकहरूले सामुदायिक विद्यालयमा अंग्रेजी माध्यममा पठनपाठन सुरु गराएर आफ्ना छोराछोरीलाई सोही विद्यालयमा भर्ना गरेको उल्लेख छ । यसले सामुदायिक विद्यालय सुधारप्रति स्वतःस्फूर्त आकर्षित नभई संस्थागत विद्यालय अत्यधिक महँगो हुँदै गएका कारण आफ्ना छोराछोरीहरूलाई त्यहाँ पढाउनुपर्ने बाध्यता भएको बुझिन्छ । यसरी विद्यार्थीहरू सामुदायिक विद्यालयमा आउनुमा पारिवारको आर्थिक अवस्थामा आएको परिवर्तनलगायत अन्य तत्त्वले पनि भूमिका खेलेको हुन्छ । अरूले ध्यान नदिएको यो पाटोलाई अगाडि ल्याए पनि विषय गम्भीरताको हिसाबले आवश्यक व्याख्या नगरी एक लाइनमा टुंग्याउनु पर्याप्त हुँदैन ।

## *राजनीतिक अवरोध : शैक्षिक प्रगतिको बाधक*

समुदायलाई हस्तान्तरण गर्ने नीति लागू भएका सुरूका वर्षहरूमा विभिन्न राजनीतिक पार्टीका भ्रातृ शिक्षक संगठनहरूले यो नीतिप्रति विरोध जनाएकोबारे माथि नै चर्चा गरियो । तसर्थ सुरूका केही वर्षमा शिक्षकको विरोधसँग सम्बन्धित विषयलाई छापाहरूमा शीर्षक बनाएर छाप्ने होड नै चलेको देखिन्छ । *द हिमालयन टाइम्स*ले शैक्षिक हड्तालका समाचार बढी छापेको छ भने *नेपाल*ले[४०] माओवादी दबाबका कारण भएको विद्यालय बन्दलाई प्राथमिकता दिएको छ । २०६२ सालभरी विद्यालयमा भएको राजनीतिक विरोधसम्बन्धी प्रकाशित १३ सामग्रीमध्ये नौओटा विद्यार्थीहरूको पठनपाठन र परीक्षामा समेत अवरोध भएको विषयमा केन्द्रित छ ।[४१] यसरी अवरोध हुनुमा माओवादी तथा शिक्षक संगठनको दबाब नै मुख्य कारण रहेको ती सामग्रीमा उल्लेख छ । त्यस्ता पक्षद्वारा विद्यालय हस्तान्तरण गर्ने कार्यक्रमको कार्यान्वयनमा नियोजित रूपमा बाधा पुऱ्याउने उद्देश्य भएको उल्लेख गर्दै सुदर्शन घिमिरेले *शिक्षक*मा लेखेका छन् :

> शान्ति प्रक्रियामा आउनुअघि माओवादीले आफ्नो हिंसात्मक राजनीति अगाडि बढाउने क्रममा शिक्षा क्षेत्रमा पनि संकट बढाउने र सरकारलाई असफल पार्ने रणनीति नै बनाएको थियो । एउटा तीरबाट दुई शिकार भनेझैँ शिक्षकहरूको सहानुभूति पनि बटुल्न पाइने, सरकारलाई पनि अक्षम साबित गर्न सकिने देखेर माओवादीले विरोध र व्यवधानको उपक्रम अगाडि बढाएको बुझ्न कठिन छैन (घिमिरे २०६४ : २९) ।

सामुदायिक विद्यालयमा भएको अवरोध माओवादीद्वारा सरकारविरूद्ध गरेको आन्दोलनको एक हिस्सा मात्र भएको घिमिरेको यो लेखाइबाट बुझिन्छ । यस्तै, विद्यालयको भित्ताभरि दलका नाराहरू लेखिएको तथा शिक्षक विद्यार्थीलाई पार्टीको अभियानमा लाने, विद्यालयमै आएर नयाँ शिक्षाबारे भाषण दिने गरेको र माओवादी सुरक्षा फौज नजिक रहेका विद्यालयहरू खुला भए पनि विद्यार्थीहरू

---

[४०] २०६२ भदौ २६, यही साल असोज २३ र चैत १३ गरी जम्मा तीनओटा लेख मात्र पाइएको थियो । भिन्नाभिन्नै पत्रकारले तयार पारेका तीनैओटा लेख माओवादी धम्कीले विद्यालयको पठनपाठनमा पारेको प्रभावमा केन्द्रित छ ।

[४१] हस्तान्तरण नीति लागू भएको सुरूका दिनमा माओवादी पार्टी सम्बद्ध शिक्षक संगठनले विद्यालय समुदायमा हस्तान्तरण नगर्न, विद्यालय समुदायबाट फिर्ता गराउन, शुल्क नलिन तथा शिक्षा ऐनमा संशोधनलगायत विभिन्न शैक्षिक माग पूरा गर्न दबाब दिने उद्देश्यले विद्यालय सञ्चालन ठप्प बनाएका खबर छन् ।

डरले नगएका विषय छापाले उल्लेख गरेका छन् । यसरी हस्तान्तरित विद्यालयका शैक्षिक गतिविधिमा बाधा पुऱ्याएका कारण विद्यालयले प्रगति गर्न नसकेको छापाको ठहर छ ।[४२]

राजनीतिक हस्तक्षेपबारे पटक पटक उजुरी गरे पनि सरकारी पक्षबाट केही सुनुवाइ नभएको *नेपाल*का लेखहरूमा पाइन्छ । यस्तै, एक लेखमा घनश्याम खड्काले द्वन्द्वको समयमा विद्यालयहरूले आन्दोलनरत तथा सरकारी पक्षको दोहोरो मारमा पर्नु परेको स्थानीय शिक्षकको अनुभवलाई यसरी उल्लेख गरेका छन्, "माओवादीले जे भन्यो, त्यही मानेर विद्यालय बन्द गरेको आरोपमा जिल्ला शिक्षा कार्यालयको दण्ड खेप्नुपर्ने सम्भावना उत्तिकै चर्को छ" (खड्का २०६२ख : ४२) । *कान्तिपुर* (२०६१ख) ले पनि शिक्षकको गुनासोलाई स्थान दिएको छ ।[४३] अन्य पत्रिकाको यसप्रति ध्यान गएको छैन । म्यागेजिनहरू दैनिक पत्रिकाको तुलनामा कुनै घटना के, किन र कसरी भयो ? भन्ने बारेमा गहिरो विश्लेषणमा जोड दिन्छन् भनिए पनि यहाँ तिनले दोहोरो मारबारे गहिराइमा पुगेर यथार्थ पस्कन सकेका छैनन् । म्याकलेन्डन र पेटरसन (सन् १९९९) का अनुसार समाचार व्यवस्थापकको रुचि र विषयवस्तुबीच मेल खाने विषयले छापामा बढी स्थान पाउँछ । जसरी माओवादी तथा शिक्षक संगठनको विरोध र हस्तक्षेपले विद्यालयमा पारेको प्रभावका समाचार सम्प्रेषणमा छापाहरू खनिएका छन्, त्यसरी नै सरकारबाट विद्यालय पक्षमाथि भएको पूर्वाग्रहपूर्ण दबाबका घटनाप्रति चासो नदेखाएर छापाले समाचार निष्पक्षतालाई कायम राख्न सकेका छैनन् ।[४४]

---

[४२] २०६२ मंसिर ८ मा *कान्तिपुर*ले लेखेअनुसार दोलखामा विद्यालयहरूमा शिक्षक विद्यार्थीलाई हाजिर गर्न नदिएर तालाबन्दी गरेको र सम्झौता भंग नगरे भौतिक कारबाही गर्ने चेतावनी दिएका कारण हस्तान्तरण फिर्ता गरिएको छ । माओवादीद्वारा सामुदायिक विद्यालयलाई शुल्क लिन नदिनाले निजी स्रोतका शिक्षकलाई तलब दिन गाह्रो भएकाले गर्दा विद्यालय चलाउनै कठिन भएको व्यवस्थापन समिति सदस्यको भनाइलाई *कान्तिपुर*मा जनक नेपाल (२०६१) ले लेखेका छन् ।

[४३] सरकारले हस्तान्तरण गर भन्छ, माओवादीले विरोध गर भन्छ, कस्को भनाइ सुन्ने कस्को नसुन्ने भएको छ भन्ने शिक्षकहरूको गुनासो छ ।

[४४] 'शिक्षामा माओवादी युद्धको असर' शीर्षकमा शिक्षा पत्रकार समूहले ५३ जिल्लामा गरेको अध्ययनमा माओवादीका तर्फबाट १७ जना र सरकारी तर्फबाट २३ जना विद्यार्थी मारिएको उल्लेख छ । यस्तै, सरकारी प्रशासनबाट विद्यार्थी तथा शिक्षकको अपहरण, धम्की, पक्राउ तथा बेपत्ता पारेको पनि अध्ययनमा देखिन्छ ।

## सामग्रीको स्रोत तथा विश्वसनीयता

सन्तुलित स्रोतले समाचारको विश्वसनीयता बढाउँछ । यसका लागि कुनै घटना वा मुद्दासँग सम्बन्धित पक्षहरूको संख्या, सान्दर्भिकता र हैसियतको आधारमा समान संलग्नता हुनु आवश्यक छ । ती साना-ठूला सबै पात्रको मापनयोग्य स्थान हुनुपर्दछ (म्याक्वेल सन् १९९३) । तर छापा सामग्री हेर्दा यस्तो अभ्यास भएको पाइँदैन । छापाहरूले सामुदायिक विद्यालयको समाचार लेखनमा आफ्नो चासोअनुसार सामुदायिक विद्यालय राष्ट्रिय नेटवर्क, शिक्षा विभागका प्रवक्ता तथा विश्व बैंकका नेपाल कार्यलयका शिक्षा विशेषज्ञ, क्षेत्रीय शिक्षा निर्देशनालय, जिल्ला शिक्षा अधिकारी, विद्यालय व्यवस्थापन समिति अध्यक्ष, प्रअ, नेपाल राष्ट्रिय शिक्षक संगठन, नेपाल शिक्षक संघ आदिको अभिव्यक्तिलाई लेखमा समावेश गरेको पाइयो ।[४५] समाचारमा पनि उनीहरूकै दृष्टिकोण हाबी भएको छ ।[४६] अभिव्यक्तिभित्रको समाचार खोतल्नेतर्फ छापाले ध्यान दिएका छैनन् । *शिक्षक*ले स्रोतलाई केही सन्तुलित बनाउने प्रयास गरे पनि अभिभावकको प्रतिनिधित्व देखिँदैन ।[४७]

सरकारले राम्रा विद्यालय र उनीहरूले विद्यालय सुधारका लागि गरेका प्रयासको प्रचारप्रसारमा अग्रसरता देखाउँदै आएको सेन्टर फर पोलिसी रिसर्च एन्ड कन्सल्टेन्सी (सन् २००८) को अध्ययनमा उल्लेख छ । छापाले पनि सफल विद्यालयले गरेका अभ्यासलाई अगाडि ल्याएका छन् । त्यस्ता विद्यालयमा बुटवलको नवीन औद्योगिक मावि, दोलखाको कालिकादेवी प्रावि तथा काभ्रेको नवीन प्राविको उदाहरण धेरैले दिएका छन् (हेर्नुहोस्, दिक्पाल २०६१; मानन्धर २०६१; ज्ञवाली २०६४; कान्तिपुर २०६१क) । तर ती विद्यालयमा हस्तान्तरणपछि मात्र त्यस्तो अभ्यास सुरु भएको हो भन्न सकिँदैन । जस्तो : २०४१ सालमा स्थापना भएको काभ्रेको नवीन प्रावि

---

[४५] जस्तो : भट्टराई (२०६१), दिक्पाल (२०६१), पराजुली (२०६०), राई (२०६५क) आदिलाई उदाहरणका रूपमा लिन सकिन्छ ।

[४६] *कान्तिपुर*मा प्रकाशित लेख (भट्टराई २०६१) मा शिक्षा विभागका निर्देशक, शिक्षा मन्त्रालयका प्रवक्ता तथा सामुदायिक विद्यालय राष्ट्रिय नेटवर्कलाई उद्धृत गरेर सामुदायिक विद्यालयबारे सकारात्मक सन्देश दिन खोजिएको छ । *अन्नपूर्ण पोष्ट*मा पराजुली (२०६०) ले समाचारको सुरुमा शिक्षाविद्‌हरूले भनेको भने पनि नाम तोकेका छैनन् । हस्तान्तरण गरेपछि शिक्षा क्षेत्र झनै अन्योलग्रस्त भएको नेपाल राष्ट्रिय शिक्षक संघका केन्द्रीय सचिवको भनाइ समावेश गरेका छन् ।

[४७] घिमिरे (२०६४) ले विद्यालय व्यस्थापन समिति, शिक्षा विभागका महानिर्देशक, प्रअ, सामुदायिक प्रवर्तन केन्द्रका प्रवक्ता, सामुदायिक विद्यालय राष्ट्रिय नेटवर्कका अध्यक्ष, शिक्षाविद् आदि स्रोत राखेर सन्तुलित टिप्पणीकार छान्ने प्रयास गरेका छन् । तर विद्यालय ओरालो लाग्नुमा अभिभावकले विद्यार्थीको पढाइमा गरेको बेवास्ता हो भन्ने प्रअको आक्षेपलाई पुष्टि गर्न स्थानीय अभिभावकको प्रतिक्रिया संकलनमा विजयशेखर भट्टराई (२०६४) को ध्यान गएको छैन ।

हस्तान्तरण हुनुभन्दा अगाडिदेखि नै त्यहाँको समुदाय, प्रअ र विद्यालय व्यवस्थापन समिति विद्यालय विकासमा दत्तचित्त थिए जसका कारण उनीहरू सरकार, स्थानीय समुदाय तथा दातृ निकायबाट विद्यालयका लागि सहयोग जुटाउन सफल भए । २०६३ मा समुदायमा हस्तान्तरित यो विद्यालयले २०६२ मा जिल्लाको उत्कृष्ट नमुना विद्यालयको पुरस्कार प्राप्त गरेको थियो (सेन्टर फर पोलिसी रिसर्च एन्ड कन्सल्टेन्सी सन् २००८) । हस्तान्तरणपश्चात् समुदायमा सकारात्मक सोचको विकास भएको भन्दा पनि पहिलेदेखि नै विद्यालयको सुधारमा समुदाय समर्पित भएको देखिन्छ । विद्यालयको सही मूल्यांकन गर्ने हो भने विगतको अवस्थासँग वर्तमानको उपलब्धिलाई तुलना गर्नुपर्ने हुन्छ । बलियो न्यूजरूमको अभावले समाचारको महत्त्वभन्दा पनि अगाडि जे आउँछ त्यही छाप्ने आधार निर्माण गर्दछ भन्ने पराजुली (२०६५) को अनुभव छ । छापाहरू वर्तमानको तथ्यमा भुलेर विद्यालयको सही मूल्यांकन गर्नबाट चुक्नुलाई यसै प्रवृत्तिको उपज मान्न सकिन्छ ।

कतिपय समाचारको स्रोत बुझ्न सकिँदैन । जस्तो : शिक्षा मन्त्रालयका अनुसार २०६६ सम्म सरकारी विद्यालयको संख्या करिब ३२ हजार १३० रहेको थियो (डिपार्टमेन्ट अफ एजुकेसन सन् २००९) । तर, योभन्दा पाँच वर्ष अगाडि *कान्तिपुर*मा प्रकाशित लेखमा भट्टराई (२०६१) ले ३६ हजार ३९६ सरकारी विद्यालय भएको लेखेका छन्; यसको स्रोत भने खुलाएका छैनन् । यस्ता समाचारले पत्रकारको साथै सम्पादन पक्षको लापरबाहीलाई उजागर गर्दछ । यस्तै, कतिपय छापाले समुदायलाई विद्यालय जिम्मा दिएपछि सरकार शिक्षाको जिम्मेवारीबाट पूरै पन्छिने हो कि भन्ने शंकालाई सुरुदेखि नै महत्त्व दिएका छन् । पछिल्लो समयमा पनि त्यो विषयलाई केहीले स्थान दिएका छन् । जस्तो, *कान्तिपुर*मा डीआर पन्त लेख्छन् :

> सरकारले अपनाएको यो नीतिअन्तर्गत हस्तान्तरण गरिएको पहिलोपटक उपलब्ध हुने सेवा सुविधाका कारण विद्यालयको प्रलोभन बढेको पाइन्छ भने अर्कातिर अस्पष्ट नीतिका कारण समुदायमा भ्रम पनि फैलिएको छ । विद्यालय समुदायलाई हस्तान्तरण गरी सरकारले आफू जिम्मेवारीबाट पन्छिन खोजेको भ्रम सिर्जना भएको पाइन्छ (पन्त २०६५ : ३) ।

सोही लेखमा नै क्षेत्रीय शिक्षा निर्देशनालयले सरकारले उपलब्ध गराउँदै आएको सेवा सुविधामा कटौती नगरी शिक्षामा सरकारी हस्तक्षेप कम गर्न यो नीति ल्याएको हो भन्दाभन्दै यस्तो आशंकाको विकास किन भएको हो भनेर बुझ्न सकिँदैन । यस्तो शंका गर्नुको बलियो आधार के हो भनेर पाठकलाई बुझाउनुपर्थ्यो ।

रिपोर्टिङमा विषय गहनताको आधारमा स्रोतको खोजी गर्ने प्रयास पनि देखिँदैन । धेरैजसो समाचार विभिन्न अन्तर्क्रियात्मक कार्यक्रमका सहभागीहरूको प्रस्तुतिलाई टिपेर बनाइएको छ । सहरकेन्द्रित त्यस्ता गोष्ठीहरूमा स्थानीय समुदायको सहभागिता न्यून हुने गर्दछ । त्यसबाहेक सामुदायिक विद्यालय वरिपरिका समुदायका सदस्य तथा जुनियर र निजी स्रोतमा कार्यरत शिक्षकसँग पनि अन्तर्क्रिया गरेको पाइएन । बुटवलमा सुकुमबासीका बालबालिका पढ्ने विद्यालय समुदायलाई हस्तान्तरण गरिएपछि रूपरङ नै फेरिएको भनी व्यवस्थापन समितिका अध्यक्षलाई उद्धृत गर्दै *अन्नपूर्ण पोष्ट*मा दिक्पाल (२०६१) ले लेखेका छन् । तर क्रस चेकका लागि अभिभावकसँग जानकारी लिने काम भएको छैन । बरु अभिभावकको तर्फबाट पनि व्यवस्थापन समितिसँग नै जानकारी लिइएको पाइन्छ ।[४८] विद्यालय तहमा अन्यको भूमिकालाई उपेक्षा गरी प्रअ र विद्यालय व्यवस्थापन समितिका अध्यक्षलाई शक्तिशाली रूपमा प्रस्तुत गरिएको छ ।[४९] यसरी विद्यालयसँग सम्बन्धित सीमित आन्तरिक स्रोतका आधारमा मात्र आएका तथ्यहरूको विश्वसनीयतामा प्रश्न उठाउन सकिन्छ । पत्रकारितालाई आवाजविहीनहरूको आवाज उजागर गर्ने माध्यमका रूपमा पनि लिइन्छ तर नेपाली पत्रकारितामा भने कसका लागि पत्रकारिता गर्ने हो भन्ने चिन्तन त्यति देखिँदैन ।[५०]

गोष्ठी वा अन्तर्क्रियाका अभिव्यक्तिलाई एउटै समाचारमा लेख्दा समाचार खिचडी बन्छ । तसर्थ एउटा उपयुक्त कोण खोज्नुपर्छ (पराजुली २०६५) । तर नेपालमा यस्तो अभ्यास भएको देखिँदैन । कतिपय सामग्रीमा सबै विषय एउटै लेखमा खाँदेर समाचार अपुष्ट बनेको छ । जस्तो, *अन्नपूर्ण पोष्ट*मा प्रकाशित बाबुराम लामिछाने (२०६०ख) को 'सत्र विद्यालय समुदायलाई हस्तान्तरण' भन्ने लेखमा नुवाकोटमा समुदायलाई हस्तान्तरण गरेको विद्यालयको नामावली प्रस्तुत गरिएको छ । साथै, कुन विद्यालय हस्तान्तरण प्रक्रियामा छन् र कुन विद्यालयले स्वीकृति पाइसके भन्ने जानकारी उल्लेख छ । यसले हस्तान्तरणप्रति समुदायको चासो बढ्दै छ भन्ने सन्देश दिन खोजेको देखिन्छ । लेखमा अनुदान रकम पाएपछि समुदायले नीतिगत रूपमा नै व्यवस्थापनमा चासो देखाएको उनको विचार छ । तर यसै समाचारमा व्यवस्थापन समिति सदस्यलाई उद्धृत गर्दै नयाँ

---

[४८] उदाहरणका लागि *अन्नपूर्ण पोष्ट*मा प्रकाशित देउवा (२०६५) को लेख हेर्नुहोस् ।

[४९] *नेपाल*मा प्रकाशित (खड्का २०६२ख) को लेखमा उल्लेख भएअनुसार व्यवस्थापन समितिकी महिला सदस्यलाई भेटे पनि अध्यक्षसँग पुर्‍याउन उनको सहयोग मात्र लिएको देखिन्छ ।

[५०] मार्टिन चौतारीमा २०६८ पुस २८ मा आयोजित 'प्रेस काउन्सिल नेपालको प्रभावकारिता' विषयक छलफलमा काउन्सिलका अध्यक्ष नारायणप्रसाद शर्माको भनाइमा आधारित ।

कार्यक्रम भएकाले परीक्षणका लागि प्राथमिक तहको मात्र जिम्मेवारी लिएको उनले लेखेका छन् । यसले नीतिप्रति शंका भएको बुझिन्छ र समाचारलाई विरोधाभाषपूर्ण बनाउँछ । यस्तै, अन्नपूर्ण पोष्ट (२०६४) ले शिक्षक नियुक्ति, तलब सुविधा र सेवा सर्त तोक्ने अधिकार समुदायकै हुनेछ, र शिक्षकलाई अन्य सरकारी विद्यालय सरहकै तलब सुविधा दिनुपर्ने व्यवस्था नियमावलीमा छ भनी समाचार छापेको छ । जब सरकारी स्तरकै तलब दिनुपर्ने भनेपछि समुदायलाई अधिकार दिनुको के औचित्य भयो ? संवादात्मक भनाइलाई उद्धृत गर्दा विरोधाभाषपूर्ण अभिव्यक्ति आएमा तथ्यको जटिलतालाई चिर्न पत्रकारले त्यसको वैकल्पिक मूल्यांकन गर्नुपर्दछ (म्याक्वेल सन् १९९३) । तर, यसरी विषयहरू छरपस्ट पारी निचोडमा नपुग्नाले पत्रकारले एकतिर मूल्यांकनको जिम्मा पाठकहरूमा नै छोडिदिएको देखिन्छ भने अर्कातिर आफ्नो क्षमता पनि प्रस्तुत गर्न नसकेको बुझिन्छ ।

वैचारिक लेखबाहेक दैनिक पत्रिकाले उठाएका विषय घटनामुखी छन् । ती पत्रिकामा आउने समाचारको आयु एक दिनको हुन्छ जहाँ क्षणिक आकर्षणका विषयलाई प्राथमिकता दिइन्छ । ती पत्रिकाको प्रकृतिअनुसार उठाउनुपर्ने विषय धेरै हुनाले समय सीमाका कारण यसलाई स्वाभाविक मान्न सकिन्छ । तर विषयको गहिराइमा नपुगी धेरै मुद्दा एउटै समाचारमा खाँदेको देखिन्छ जसबाट ती मुद्दाबारे सामान्य जानकारी गराउन सके पनि सान्दर्भिक बहस निर्माणमा यसको प्रभावकारिता देखिँदैन । समाचार तयार पार्ने समय बढी हुनाले खोजमूलक सामग्री, विचार विश्लेषण तथा टिप्पणी म्यागेजिनमा केही बढी पाइन्छ । यसले लामो समयसम्म पाठकमा प्रभाव छोड्छ (सुधीर शर्मा २०६५) । तर पनि नेपालमा प्रस्तुतिका हिसाबले म्यागेजिन र दैनिक पत्रिकाबीच धेरै भिन्नता देखिँदैन (बस्नेत २०६८) । *नेपाल*ले २०६२ सालसम्म विद्यालय हस्तान्तरणमा भएको विरोधमा केन्द्रित भई पश्चिमका केही विद्यालयको स्थलगत रिपोर्टिङ गरेको छ । रिपोर्टिङ विषयकेन्द्रित भए पनि तथ्यको समीक्षा भएको छैन । त्यसपछिको समयमा रिपोर्टिङ पाइँदैन । हिमाल एसोसिएसनले प्रकाशन सुरु गरेको *शिक्षक* हाल ज्ञान-विज्ञान शैक्षिक सहकारी संस्था लिमिटेडद्वारा सञ्चालित छ । यसले आवरण, विचारजस्ता स्तम्भमा सामुदायिक विद्यालयबारे अलि बृहत् व्याख्या गरेको देखिन्छ । साथै, सामुदायिक विद्यालयमा नै केन्द्रित भई अन्तर्क्रियासमेत आयोजना गरेर त्यसका सहभागीहरूको भनाइ प्रकाशित गरेको छ । सामुदायिक विद्यालयसम्बन्धी सामग्री थोरै भए पनि समग्र सरोकारको विषय नै शिक्षा भएकाले *शिक्षक*का सामग्रीहरूको दायरा अलि फराकिलो देखिन्छ । समग्रमा छापाले

सामुदायिक विद्यालयका कार्यान्वयन तहका चुनौतीलाई अगाडि ल्याउने प्रयास गरे पनि नीतिगत रूपमा वस्तुनिष्ठ मुद्दा उठाउन सकेका छैनन् ।

कतिपय अवस्थामा समाचार तयार गर्नुपूर्व नै निश्चित सीमारेखा बनाएर स्रोतव्यक्ति चयन गरेको अड्कल लगाउन सकिन्छ । सामुदायिक विद्यालयप्रति एउटा निश्चित अडान बोकेका विशेष व्यक्तिहरूसँगबाट समाचार संकलन गरेको देखिन्छ । यसले पत्रकारले स्रोतको नभएर स्रोतले पत्रकारको प्रयोग गर्ने परिपाटीलाई प्रस्ट्याउँछ ।[५१] मौलिक पत्रकारिता भनेको कसैले भनेको जस्ताको त्यस्तै छाप्नु होइन । अनुसन्धान गरेर, प्रमाण जुटाएर त्यसलाई पुष्टि गर्ने स्रोतको कोट गरी लेखिएको सामग्री विश्वासिलो लेखन हो (पराजुली २०६५) । तर स्वविवेकको प्रयोग गरी पृथक् मान्यता स्थापित गर्नेतिर नेपाली छापामाध्यमको त्यति योगदान देखिँदैन ।

## निष्कर्ष

दैनिक तथा म्यागेजिनका सामग्रीले ओगटेको स्थान तथा प्रस्तुतिको ढाँचामा केही अन्तर भए पनि सामुदायिक विद्यालयलाई सकारात्मक ढंगमा चित्रण गर्ने आशय सबै छापाको उस्तै देखिन्छ । विद्यालयमा भएको राम्रो पक्षलाई हस्तान्तरणसँग जोड्ने क्रममा विभिन्न व्यक्तिले विद्यालयप्रति गरेको टिप्पणीको सहारा लिइएको छ । तर त्यस्ता अभिव्यक्तिमा विश्वासिलो तथ्यको अभाव खड्किन्छ । अनुदान रकमलाई सामुदायिक विद्यालयको आकर्षणको केन्द्रबिन्दु बनाइएको छ । विशेष गरी आर्थिक रूपमा कमजोर विद्यालयहरूलाई हस्तान्तरणप्रति आकर्षित गराउने मनसाय छापाको देखिन्छ । सम्पन्न विद्यालयहरूको हकमा पनि हस्तान्तरणले महत्त्व राख्छ भन्नेमा छापा संवेदनशील छैनन् । समुदाय शिक्षाप्रति उत्तरदायी बनेको उदाहरणका लागि भौतिक विकासमा भएको समुदायको सहयोगलाई छापाले अगाडि ल्याएको छ । यसक्रममा शैक्षिक गुणस्तर वृद्धिका लागि समुदायको भूमिकालाई प्रवर्द्धन गर्न छापा चुकेको छ । यसरी नै समुदायभित्रका शिक्षामा पछि परेका सीमान्तीकृत समूहलाई विद्यालय व्यवस्थापनमा सक्रिय सहभागी गराउने सन्दर्भमा छापाले भूमिका खेल्न सकेको छैन । समुदायलाई विद्यालयको स्वामित्व बोध गराउनका लागि उनीहरूलाई दिएको अधिकार पर्याप्त छ या छैन भन्ने विषयलाई न्यून मात्रामा छोए पनि त्यसको

---

[५१] मार्टिन चौतारीमा २०६८ पुस ७ मा आयोजित मिडिया अनुसन्धान कार्यशालामा 'राजनीतिक संक्रमणकालमा नेपाली प्रेसको भूमिका' विषयमा प्रस्तुत पत्रमाथि टिप्पणीकार अनील थापाले नेपाली पत्रकारिताको प्रवृत्ति यस्तो भएको बताएका थिए ।

पर्याप्त व्याख्या र विश्लेषण नहुँदा सम्बन्धित पक्षलाई झक्झक्याउने सन्दर्भमा सामग्री प्रभावहीन बन्ने देखिन्छ । छापाले कार्यान्वयन तहका चुनौतीलाई औँल्याएको छ । तर ती समस्यालाई नीतिगतरूपमा जोड्न नसक्दा हस्तान्तरण नीतिसम्बन्धी बहसलाई टेवा पुगेको देखिँदैन ।

सरकारी विद्यालयलाई सामुदायिक विद्यालय भनी सम्बोधन गरिनुमा छापाको प्रभाव बलियो देखिन्छ । नीति लागू भएका सुरुका तीन-चार वर्षसम्म सामुदायिक विद्यालय नीतिप्रति अस्पष्ट देखिएका छापा पछिल्ला दिनमा भने शिक्षकको पेसागत सुरक्षा तथा त्यस्ता विद्यालयमा सरकारको सहयोगको ग्यारेन्टी गर्न सरकारी पक्षको ध्यानाकर्षण गराउनमा केन्द्रित भए । यसरी राजनीतिक उतारचढावसँगै सामुदायिक विद्यालयप्रतिको छापाको धारणामा परिवर्तन आएको छ । समाजकै एक अंग भएकाले छापा समाजको विपरीत जाने कुराको अपेक्षा गर्न सकिँदैन । तर सामुदायिक विद्यालयले प्रगति गर्न नसक्नुमा माओवादी तथा शिक्षक संगठनहरूको अवरोधलाई मुख्य कारण देख्ने छापाले त्यो अवस्थामा सुधार आएपछि पनि विद्यालयहरूले प्रगति गर्न नसकेकोबारे रिपोर्टिङ गरेका छैनन् । विद्यालयको अवस्थाबारे चासोभन्दा पनि माओवादी तथा शिक्षक संगठनहरूप्रति छापा बढी पूर्वाग्रही देखिन्छ । यसो हुनुमा विभिन्न अर्थराजनीतिक कारण हुन सक्छन् । तसर्थ, आगामी दिनमा यस विषयमा अध्ययन गर्नुपर्ने आवश्यकतालाई पनि यस लेखले उजागर गरेको छ ।

## धन्यवाद

यस लेखका लागि सामग्री संकलनमा सहयोग गरिदिनुहुने शकबहादुर बुढाथोकीलाई धन्यवाद छ । लेख तयार पार्ने क्रममा रचनात्मक टिप्पणी तथा सुझाव दिनुहुने प्रत्यूष वन्त, प्रमोद भट्ट, देवराज हुमागाईं, याम पुन तथा हर्षमान महर्जनप्रति आभारी छु ।

## सन्दर्भसामग्री

अधिकारी, चेतन । २०६५ । बोर्डिङ छोड्दै सामुदायिक विद्यालयमा । *कान्तिपुर,* ४ फागुन, पृ. ९ ।

अधिकारी, पूर्णकान्त । २०६४ । समुदाय भरपर्दो विकल्प । *शिक्षक* ३ : १८ ।

अधिकारी, प्रकृति । २०६५ । सफलताको सूत्रहरू । *सामुदायिक विद्यालय : सफलताका पाइलाहरू* । जगदीश ओली र लवराज ओली, सं., पृ. ४४-४५ । काठमाडौँ : एजुकेसनल पेजेज ।

अन्नपूर्ण पोष्ट । २०६०क । दोलखाका दुई विद्यालय समुदायलाई । १३ माघ, पृ. ६ ।

अन्नपूर्ण पोष्ट । २०६०ख । विद्यालय जिम्मा लिने कुरामा स्थानीय निकाय मौन । ६ जेठ, पृ. ५ ।

अन्नपूर्ण पोष्ट । २०६०ग । पूर्वाधारविना विद्यालय हस्तान्तरण गरिँदा दायित्वबोधको अभाव । ११ पुस, पृ ४ ।

अन्नपूर्ण पोष्ट । २०६२ । विद्यालय समिति गठनमा ढिलाइ अनुदानमा असर । २ मंसिर, पृ. ७ ।

अन्नपूर्ण पोष्ट । २०६४ । शिक्षक नियुक्ति र बढुवाको अधिकार समुदायलाई । ११ पुस, पृ. ४ ।

अन्नपूर्ण पोष्ट । २०६५ । विद्यालयको व्यवस्थापन समुदायमा हस्तान्तरण । २३ फागुन, पृ. ९ ।

अर्याल, माधव । २०६२ । सामुदायिक विद्यालय लाखौँ ऋणमा । *कान्तिपुर,* २५ कात्तिक, पृ. ५ ।

उप्रेती, टंक । २०६८ । नेपाली वृत्तचित्रमा महिलाको सवाल, चित्रण र सहभागिता । *मिडिया अध्ययन* ६ : ८९-११२ ।

ओहासी, केन । २०६२ । समुदायको आश्चर्यलाग्दो सफलता । *हिमाल* १६८ : ४८ ।

कान्तिपुर । २०६१क । सामुदायिक विद्यालयलाई सहयोग : विद्यार्थीलाई झोला र पोसाक । १६ साउन, पृ १६ ।

कान्तिपुर । २०६१ख । माओवादी दबाब : शिक्षकद्वारा सामुदायिक विद्यालय खारेजीको माग । ३ कात्तिक, पृ. ३ ।

कान्तिपुर । २०६१ग । विद्यालय हस्तान्तरण भएनन् । १७ चैत, पृ. ४ ।

कान्तिपुर । २०६१घ । सामुदायिक विद्यालयमा 'बोर्डिङस्तर' को अध्यापन । १० असार, पृ. १२ ।

कान्तिपुर । २०६२ । सामुदायिक विद्यालय बन्द । १९ भदौ, पृ. १९ ।

कान्तिपुर । २०६३क । विद्यालयलाई स्थानीय सहयोग । ६ पुस, पृ. ५ ।

कान्तिपुर । २०६३ख । सामुदायिक विद्यालयमा अंग्रेजीबाट पढाइ । २६ मंसिर, पृ. ४ ।

कान्तिपुर । २०६४ । सरकारी स्कूलमा कम्प्युटर सुरु । २६ असार, पृ. ४ ।

कान्तिपुर । २०६६ । सामुदायिक विद्यालयमा अंग्रेजी । २ असोज, पृ. १५ ।

किसी, कृष्ण । २०६५ । दैनिक दर्जन विद्यालय समुदायलाई । *अन्नपूर्ण पोष्ट,* २ फागुन, पृ. ४ ।

खड्का, घनश्याम । २०६२क । सामुदायिक विद्यालयद्वारा व्यवस्थापन सम्झौता भंग । *कान्तिपुर,* १८ फागुन, पृ ८ ।

खड्का, घनश्याम । २०६२ख । तारोमा सामुदायिक विद्यालय । *नेपाल* ६(३३) : ४२ ।

गौतम, भास्कर । २०६० । टीठ लाग्दो छ छापामा गरिबीको लेखन । *मिडियाको चिरफार : केही सामाजिक सन्दर्भ* । प्रत्यूष वन्त र रमेश पराजुली, सं., पृ ११९-१५२ । काठमाडौँ : मार्टिन चौतारी ।

घिमिरे, सुदर्शन । २०६४ । समुदायमा विद्यालय व्यवस्थापन हस्तान्तरण : आकर्षण र आपत्ति । *शिक्षक* २ : २६-२९ ।

घिमिरे, सुदर्शन र प्रमोद आयाम । २०६७ । अभिभावक जागे सप्रन्छ स्कूल । *शिक्षक* २७ : ३०-४५ ।

छन्त्याल, दिलबहादुर । २०६५ । विद्यालय समुदायमा हस्तान्तरण तीव्र । *कान्तिपुर,* २९ साउन, पृ. ९ ।

ज्ञवाली, दीपक । २०६४ । उकालो लाग्यो । *शिक्षक,* फागुन, पृ. २८ ।

डाँगी, काशीराम । २०६१ । विद्यालय लिन तयार छैनन् समुदाय । *कान्तिपुर,* २५ असार, पृ. ५ ।

दिक्पाल, राजकुमार । २०६१ । समुदायलाई हस्तान्तरण गरिएपछि विद्यालयको गुणस्तरमा सुधार । *अन्नपूर्ण पोष्ट,* १७ वैशाख, पृ. ६ ।

देउवा, टेकेन्द्र । २०६५ । डोटीका अभिभावकको विद्यालयप्रति चासो । *अन्नपूर्ण पोष्ट,* २ साउन, पृ. ७ ।

नेपाल, जनक । २०६१ । सामुदायिक विद्यालयमा शुल्क उठाउन रोक । *कान्तिपुर,* २१ जेठ, पृ. ४ ।

न्यौपाने, सुनील । २०६० । मोरङ जिल्लामा सामुदायिक विद्यालय कार्यक्रमले अपेक्षित सफलता पाएन । *अन्नपूर्ण पोष्ट,* ६ असोज, पृ. ६ ।

पन्त, डीआर । २०६५ । सुदूरपश्चिमका पाँच सय विद्यालय समुदायलाई । *कान्तिपुर,* १ असार, पृ. ३ ।

पराजुली, रमा । २०६५ । न्यूजरूम संस्कृति : तीन ठाउँको अनुभव । *मिडिया अध्ययन* ३ : २३५-२५२ ।

पराजुली, राजकुमार । २०६० । विद्यालय हस्तान्तरण गर्ने नीतिले शिक्षाक्षेत्र अन्योलग्रस्त । *अन्नपूर्ण पोष्ट,* १७ पुस, पृ. ६ ।

पोखेल, उमेश । २०६५ । शनिबार पनि खुल्ने विद्यालय । *सामुदायिक विद्यालय : सफलताका पाइलाहरू* । जगदीश ओली र लवराज ओली, सं., पृ. ५१–५२ । काठमाडौँ : एजुकेसनल पेजेज ।

पौडेल, अनमोलमणि । २०६८ । सामुदायिक विद्यालय : अति राजनीतीकरणले आक्रान्त । *कान्तिपुर,* २५ असार, पृ. ६ ।

बस्नेत, बबिता । २०६८ । साप्ताहिक पत्रिकाको राजनीतिक, आर्थिक र व्यावसायिक पक्ष । *मिडिया अध्ययन* ६ : २५१-२७४ ।

भट्टराई, केशवप्रसाद । २०६४ । पहिला सहमति अनि हस्तान्तरण । *शिक्षक* २ : ३४ ।

भट्टराई, देवेन्द्र । २०६१ । समुदायमा शिक्षा । *कान्तिपुर,* ६ फागुन, पृ. ७ ।

भट्टराई, देवेन्द्र । २०६२ । समुदायमा विद्यालय गतिहीन । *कान्तिपुर,* २९ फागुन, पृ. ३ ।

भट्टराई, विजयशेखर । २०६४ । ओरालो लाग्यो । *शिक्षक* २ : २९ ।

भुसाल, प्रेमप्रसाद । २०६७ । शिक्षकको मिहिनेत नै सफलताको स्रोत । *शिक्षक* २९ : २१ ।

मानन्धर, राजेन्द्र । २०६१ । बोर्डिङसँग प्रतिस्पर्धा गर्दै सामुदायिक विद्यालय । *कान्तिपुर,* २४ जेठ, पृ. ५ ।

राई, गणेश । २०६५क । शैक्षिक समाचार बिट र शिक्षा पत्रकार समूह । *मिडिया अध्ययन* ३ : ३१९-३३४ ।

राई, गणेश । २०६५ख । शैक्षिक गुणस्तर बढ्यो । *कान्तिपुर,* २६ मङ्सिर, पृ. २ ।

रिजाल, सुदर्शन । २०६१ । विद्यार्थीको चाप अत्यधिक : सामुदायिक विद्यालयमा एक कक्षामै शुल्क । *कान्तिपुर,* ११ कात्तिक, पृ. ५ ।

लामिछाने, बाबुराम । २०६०क । बाह्र विद्यालय जिम्मा लिन समुदायद्वारा निवेदन । *अन्नपूर्ण पोष्ट,* १८ भदौ, पृ. ६ ।

लामिछाने, बाबुराम । २०६०ख । सत्र विद्यालय समुदायलाई हस्तान्तरण । *अन्नपूर्ण पोष्ट,* १ पुस, पृ. ६ ।

लामिछाने, रघुनाथ । २०६३ । बेवारिसे विद्यालय । *कान्तिपुर,* २५ फागुन, पृ. ६ ।

शर्मा, रमाकान्त । २०६८ । सामुदायिक विद्यालय सुधारमा प्रधानाध्यापक । *नयाँ पत्रिका,* ११ साउन, पृ. ५ ।

शर्मा, लालप्रसाद । २०६५ । समुदायले जिम्मा लिएपछि विद्यालयमा सुधार । *कान्तिपुर,* १८ फागुन, पृ. ९ ।

शर्मा, सुधीर । २०६५ । नेपाली म्यागेजिनकारिता : अनुभव र रिपोर्ट । *मिडिया अध्ययन* ३ : २२३-२३३ ।

हिमाली प्रकाशन । २०६६ । *शिक्षासम्बन्धी ऐन-नियम* । काठमाडौँ : हिमाली प्रकाशन ।

Baker, Mike. 1994. Media Coverage of Education. *British Journal of Educational Studies* 42(3): 286-297.

Bhatta, Pramod. 2003. Current Issues in Decentralization of Primary Education in Nepal. M. Ed. thesis, Hiroshima University.

Carney, Stephen and Min Bahadur Bista. 2009. Community Schooling in Nepal: A Genealogy of Education Reform since 1990. *Comparative Education Review* 53(2): 189-211.

Centre for Policy Research and Cousultancy. 2008. Social Mobilization for Participation in the Community Managed School Project (Implementation Completion Report). Unpublished, Department of Education, Sanothimi, Bhaktapur.

CERID. 2009. Community Managed School: An Innovative Approach to School Management. Education for All 2004-09 Formative Rsearch Project: Study

report. Unpublished, Research Centre for Educational Innovation and Development.

Department of Education. 2009. *Flash I Reprot 2066*. Bhaktapur: Government of Nepal, Ministry of Education.

Education Journalist Group. 2003. Community Manage School, 2003. Kathmandu: Education Journalist Group. Available at www.ejg.org.np/report/transfer_of_school_management _to the _community _2003. Accessed on 20 July 2011.

Education Journalist Group. 2004. Community Manage School, 2004. Available at www. ejg.org.np/report/community_management_ of_school_2004. Accessed on 20 July 2011.

Kunwar, Narayan. 2002. Education in Nepal: Reforming the public system. *The Himalayan Times,* 11 June, p. 6.

McLendon, Michael K. and Marvin W. Peterson. 1999. The Press and State Policy Making for Higher Education. *The Review of Higher Education* 22(3): 223-245.

McQuail, Denis. 1993. *Media Performance: Mass Communication and the public Interest.* New Delhi: Sage Publications.

The Himalayan Times. 2010. Myagdi Community Schools Going English. 4 June, p. 6.